## सन्दकपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## माबुमोड देउराली, इलाम

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# प्रथम त्रैमासिक प्रगति विवरण

(२०८० कार्तिक-पौष सम्म)

कार्यालयको नामः- सन्दकपुर गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
माबुमोड देउराली, इलाम



श्री यादव राउत
प्रमुख प्रशासकीय अधिकृत



श्री टीका देवी वस्नेत
सूचना अधिकारी

# बिषय सूची

१.पृष्ठभूमी ......1
२.काम कर्तव्य र अधिकार ......8
३.सन्दकपुर गाउँपालिका अन्तर्गत कर्मचारी संख्या र कार्य विवरण ......34
४.प्रदान गरिने सेवा सम्बन्धी ......39
५.सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ......44
६.सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि ......45
आर्थिक ऐन,२०८० ......45
**उत्पादनमुलक व्यवसाय उद्योग** ......51
**दैनिक हाटबजार कर** ......53
**पशु तथा कृषि सेवा तर्फ** ......54
**तरकारी बाली** ......55
**नगदे बाली** ......55
**विज्ञापन कर** ......56
**भु-सेवा सञ्चालन सेवा शुल्क** ......60
**घर नक्सा पास शुल्क** ......61
**जग्गा नापी शुल्क** ......61
७.निर्णय प्रकृया र अधिकार ......64
८.निर्णय उपर उजुरी सुन्ने अधिकारी ......76
९.अपेक्षित काम र परिमाण ......76
१०.कार्यालय प्रमुख र सूचना अधिकारी ......77
११.स्थानीय ऐन नियम,विनियम तथा निर्देशिकाहरु ......78
१२ आम्दानी खर्च तथा आर्थीक कारोबार सम्बन्धी अध्यावधिक विवरण/लेखा शाखा ......81
१४.गत आ. व. मा सम्पन्न गरिएका प्रमुख कार्य/क्रियाकलाप ......83
१५ .गाउँपालिकाको वेवसाइट र इमेल ठेगाना ......83
१६ .गाउँपालिकाले वैदेशिक सहायता ऋण अनुदान एवं प्रविधिक सहयोग र सम्झौता ......83
१७.यस गाउँपालिकाको विभिन्न वडा कार्यालय/अन्य कार्यालय तथा शाखाहरुबाट प्रथम चौमासिकमा सम्पादन भएको योजना तथा कार्यक्रमहरु प्रगति विवरणहरु ......84
१८.सूचना बर्गिकरण ......102
१९.सूचना मागको निवेदन र प्रगति ......102
२०.अन्यत्र प्रकाशन भएका वा हुने सूचनाको श्रोतहरु ......102

## १.पृष्ठभूमी

**सन्दकपुर गाउँपालिकाको संक्षिप्त परिचय :**

नेपालको सुदुरपूर्वी सुन्दर इलाम जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित यस सन्दकपुर गाउँपालिका साविकका माईमझुवा, सुलुवुङ्ग, मावु, जमुना गाविसहरु र माईपोखरी गाविसको ४ देखि ९ सम्मका वडा मिलाएर साविकका ४२ वडाहरुको जनसंख्या र भूगोललाई आधार वनाएर पाँच वटा वडामा विभाजन गरि बनाइएको प्राकृतिक,संस्कृतिक,धार्मिक एवं भौगोलिक रुपमा एक सुन्दर स्थानीय तह हो । देशमा कूल ७५३ स्थानीय निकाय मध्ये सन्दकपुर गाउँपालिका जनसंख्याको हिसावले १३३ औ सानो स्थानीय तह हो भने क्षेत्रफलको आधारमा ४७७ औ सानो स्थानीय निकाय हो । भारतीय सिमावर्ती वजारहरुसँग व्यापारिक पहुँच रहेको बृहत पर्यटन विकासको संभावना रहेको एक सुन्दर स्थानीय तह हो । कृषि तथा पशुपालन, वैदेशिक रोजगार तथा जडिवुटि खेती यहाँका मानिसहरुको प्रमुख व्यवसाय हो । साकेला, उधौली उभौली, दशै तिहार, ल्होसार,मारुनी, संगेनी,बालन,हाकपारे केलाङ्ग,चण्डी नाच,हुर्रानाच,क्रिसमस आदी यस क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरु हुन जुन खासगरी राई, लिम्वु वाम्हण, क्षेत्री, शेर्पा, सुनुवार ,तामाङ्ग, थामि, गुरुङ्ग, मगर ,दमाइ, कामी, भुजेल र भोटे जस्ता जातजाति तथा विभिन्न धर्मावलम्वीहरुले मनाउने गर्दछन् । उचाईको हिसावले हेर्दा यहाँको धरातलीय भूवनोट ९०० मिटर देखि ३६३६ मिटर सम्म लेकवेसी रहेको यस गाउँपालिका हावापानी, वनस्पति, जनावर तथा अन्य थुप्रै हिसावले विविधता भएको गाउँपालिका हो । प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल माईपोखरी यसै क्षेत्रमा पर्दछ । चौरी र रेडपाण्डा तथा बिभिन्न लोपउन्मुख चराहरु र ठकठके संरक्षण यस क्षेत्रको थप आकर्षक हो ।

**गाउँपालिकाको नामाकरण :**

यस गाउँपालिकाको नामाकरणको सम्वन्धमा अनेको किम्वदन्तीहरु छन् । स्थानीय मानिसहरुको आ-आफ्नै भनाईहरु रहेको पाइन्छ । यस गाउँपालिकाको वडा न २ माईमझुवाको समुन्द्री सतहबाट ३६३६ मीटरको उचाईमा अवस्थित सन्दकपुर हिमश्रृंखलाहरुको रमणीय अवलोकन, सूर्योदय, प्राकृतिक सुन्दरता र जैविक विविधताको अवलोकनका लागि उतकृष्ट स्थानका रुपमा परिचित रहेको स्थान हो । प्रसिद्ध पर्यटकीय स्थलका रुपमा रहेको स्थान यस गाउँपालिकामा पर्ने भएकाले यस गाउँपालिकालाई ङपर्यटकीय दृष्टिबाट प्रमुख स्थानमा पर्ने सन्दकपुर भन्ने डाँडाका नामबाट यस गाउँपालिकाको नाम राखिएको छ । नेपाल भारत सिमानामा पर्ने सन्दकपुर भरतीय पर्यटन नक्सामा सन्दक्फूका नामले प्रसिद्ध छ । 'सन्दक्फू' लाप्चा भाषाको शब्द हो जसको अर्थ बिखमा,उच्च पहाडी भेगमा पाइने एक बहुमुल्य बहुऔषधीको गुण भएको जडिबुट्टी भन्ने हुन्छ ।

**भौगोलिक अवस्थिति :**

यस गाउँपालिकाको पूर्वमा भारत दार्जिलिङ जिल्लाको सिंहलिला नेशनलपार्कसँग सिमाना जोडिएको छ भने पश्चिम, उत्तर र दक्षिणमा क्रमशः इलाम नगरपालिका, पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका र माईजोगमाई गाउँपालिका पर्दछन् । दक्षिण पश्चिममा मेची राजमार्ग समिपमा रहेको यस गाँउपालिकाको पूर्वी भागमा निर्माणाधीन सीमा सडक समेत पर्दछ । समुद्र सतहबाट औषत ९०० देखी ३६३६ मिटरको उचाईमा फैलिएको यस गाउँपालिकामा विविध हावापानी पाइन्छ । यस सन्दकपुर गाउँपालिकाको केन्द्रीय कार्यालय २७० ००' ४९'' उत्तरी अक्षांश देखी ८७० ५५'४२'' पूर्वी देशान्तरमा

समुद्र सतहबाट करिब २१२१ मिटरमा माईपोखरी नजीकै रहेको ऐतिहासिक देउराली बजार, माबुमोड वडा नं. ३ सुलुबुङमा रहेको छ।

**क्षेत्रफल :**

जिल्लाको कूल १७०६ वर्ग कि.मी क्षेत्रफल मध्ये १५६.०१ वर्ग कि.मी यस गाउँपालिकाले ओगटेको छ। पछिल्लो राजनैतिक विभाजनका आधारमा कूल ७५३ स्थानीय तहहरु मध्ये क्षेत्रफलको आधारमा यो गाउँपालिका ४७७ औ सानो स्थानीय तह हो भने गाउँपालिकाहरु मध्ये १३३ औ सानो स्थानमा पर्दछ। इलाम जिल्लामा रहेका दशवटा स्थानीय तह मध्ये यो छैटौं स्थानमा पर्दछ।

**भौगोलिक स्वरुप :**

इलाम जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित यो गाउँपालिकाको माथिल्लो भूभागहरु महाभारत श्रृंखलामा पर्दछ। भूवनावटका हिसावले धेरै जसो जमिन भिरालो र माथिल्लो भूभागमा ठूला ठूला चरनका फाँट र बनजंगलले ढाकेको छ भने बसीमा केही भूभाग टारी रहेको छ। धरातलीय र हावापानीको हिसावमा विविधता भएकाले वाह्रै महिना एकै नासको हावापानी यहाँ पाइदैन। हिउँदमा माथिल्लो भागमा हिमपात हुने भएकोले निकै चिसो हुने तथा दक्षिणी क्षेत्रमा न्यानो हावापानी पाइन्छ। उत्तर तर्फ भंञ्जाङ्गहरु, भिराला जमिनहरु रहेका छन् भने जमुना, सुलुवङ्गको टारी गैरीगाउँ जस्ता स्थानहरुमा फाटिला टारहरु रहेका छन्। भौगोलिक स्वरुपमा विविधता भएकौ कारण उत्तर तिर खासगरी टुण्डा कोणधारी सदावहार वनस्पतिहरु, धुपिसल्ला, लेम्चोङ, सतुवा, विखमा, पाँचऔला, हड्चुर ,पाखनबेत ,यार्चागुम्वा ,चमेली, ओखेआलु, बुढीओखती, चिङ्गफीग, खानक्पा, टिमुर ,चिराइतो ,लौटसल्ला ,विभिन्न प्रजातिका चाँप,लालीगुरासँ सुनाखरी तथा अन्य औषधीजन्य दुर्लभ वनस्पितिहरु र जडिवुट्टीहरु प्रचुर मात्रामा पाइन्छ भने दक्षिणी भागमा मूलत होचो र खोला किनार टारहरु, औषत समशितोष्ण हावापानी रहेको हुनाले चिलाउने उतिस ,मलातो जस्ता विरुवाहरु को वाहुल्यता रहेको छ। यी भूभागहरुमा किवि, सुन्तला, अलैची, चिया, नस्पती, धान खेती, दलहन खेती, पशुपालन, सव्जीखेती आदिको राम्रो सम्भावना रहेको छ।

**महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुः**

सन्दकपुर गाउँपालिका इलाम जिल्लामै धेरै र महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु रहेको स्थानीय तह हो। यसैकारण नेपाल सरकारले पर्यटन वर्ष २०२० को एक सय गन्तव्य स्थलहरुमा यस गाउँपालिकाको माईपोखरी सन्दकपुर लाई छनौट गरेको थियो भने प्रदेश नं. १ को पर्यटन संस्कृतिक ग्रामको रुपमा समेत घोषण गरेको छ। यो क्षेत्र खासगरी पर्यापर्यटनका लागि नै चर्चित छ। दृश्यावलोकन, पुतली, चराचुरुङ्गी ,काडेभ्याकुर, रेडपाण्डा, थार ,घोरल, बदेल, बाघभालु ,ठकठके, विभिन्न जातका पुतलीहरु, भिरमौरी तथा वन्य जन्तु अवलोकन, पैदल यात्रा आदिका लागि यो क्षेत्र चर्चित रहँदै आएको छ। यस क्षेत्र विशेषरुपमा धार्मिक प्राकृतिक तथा ऐतिहासिक रमणीय स्थलहरुको लागि पूर्वमै प्रख्यात रहेको छ। यस गाउँपालिकाको पूर्वी सीमाना भारतको पर्यटकीय क्षेत्रसंग जोडिने भएकाले पनि यस क्षेत्रमा पर्यटन विकासको ठूलो सम्भावना रहेको कुरामा दुईमत छैन।

**सन्दकपुरः**

समुन्द्री सतहबाट ३६३६ मीटरको उचाईमा अवस्थित महाभारत पर्वत र इलाम जिल्लाकै सबै भन्दा अग्लो स्थानमा रहेको यस पर्यटकिय क्षेत्र र भारतको गंगासागरसंग जोडिने पूर्वकै प्रसिद्ध पवित्र कन्काई माईको उद्‌गम स्थल हो । इलाम र भारतको दार्जिलिङ्ग जिल्लाको सिमानामा अवस्थित सन्दकपुर डाँडो नेपाल, भारत,भुटान र चीनको हिमश्रृंखलाहरुको साठ्ठी बढी हिमालहरुको एकै स्थानबाट अलौकिक अतिरमणीय दृष्य अवलोकन, सूर्योदय, सूर्यास्त, प्राकृतिक सुन्दरता र जैविक विविधताको अवलोकनका लागि उतकृष्ट स्थानका रुपमा परिचित रहेको छ । विगतदेखिनै भारतिय तथा तेस्रो मुलुकका पर्यटकहरुका लागि आकर्षक गन्तव्यका रुपमा रहेको यस स्थानमा भारतीय सिमावर्ती क्षेत्रबाट पक्की सडक यातायातको सुविधा रहेको छ । यता माबु, कालपोखरी, विखे भञ्ज्याङ्ग हुँदै सन्दकपुरसम्म कच्ची सडक यातायातको सुविधा पुगिसकेको छ ।साथै माइमझुवाको बुधवारे, खोर्साने कालापानी श्रीयाङ्गजी कालपोखरी र साविक माइमझुवा गाविसको बुधबारे, गोरुवाले भञ्ज्याङ्ग हुँदै सन्दकपुरसम्म पुग्ने मोटरबाटो पनि खोलिएको छ । सन्दकपुरमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी नेपाल र भारत तर्फ आधारभूत सुविधा सहितका होटलहरु सञ्चालनमा रहेका छन् । सन्दकपुर देखि २ किलोमीटर पश्चिममा अवस्थित आहालडाँडा पनि प्राकृतिक दृश्यावलोकनका लागि रमणीय स्थान रहेको छ । विभिन्न पोखरी, झर्ना, धप्पर लगायतका दृश्यावलोकनका लागि उत्कृष्ट स्थलहरु समेत रहेका छन् । यसका साथै माइमझुवा मा अवस्थित फुस्रेपोखरी अर्को रमणीय स्थलका रुपमा रहेको छ । माइमझुवामा राई तथा गुरुङ्गजातीको संस्कृति र परम्पराको समेत अवलोकन गर्न सकिन्छ । बसोबासका लागि होमस्टे तथा ग्रामीण बजार बुधबारे हटियामा सामान्य होटलहरु रहेका छन् । छिन्तापुसम्म जानका लागि माइपोखरी हुँदै माइमझुवाको बुधबारे गोरुवालेसम्म गाडीमा गएर दुई घण्टाको पैदल मार्गको प्रयोग गर्न सकिन्छ । माइपोखरीबाट सिधै पैदल जान समेत सकिन्छ भने माइमझुवाको शेर्पेगाउँ हुँदै पनि पैदल ५ घण्टामा छिन्टापु पुग्न सकिन्छ । मेची राजमार्गमा पर्ने इलाम नगरपालिकाको बिब्ल्याँटे बजारबाट सन्दकपुर गाउँपालिकातर्फको सडक छुटिन्छ । यो सडक माईपोखरी हुँदै माईमझुवातर्फ बढ्दछ ।

**टोड्के झरनाः**

सन्दकपुर गाउँपालिका वाड नं २ (साविकको माइमझुवा गाविसको वडा नं. ३ मा) रहेको, समुन्द्री सतहबाट १६०० मीटर उचाईमा अवस्थित टोड्के झर्ना ८५ मीटर अग्लो छ । माईमझुवा र माबुको सिमाना माईखोला देखि करीव ४० मीटर पश्चिममा रहेको यो झर्ना ईलामकै अग्लो झर्ना हो । झर्नाको अवलोकनका लागि सयौं आन्तरिक तथा बाह्य पर्यटकहरु वर्षेनी यहाँ आँउने गर्दछन् । जंगलका माझमा पहराका वीचबाट झर्ने यो झर्नाको केही माथि समेत करिव ६० मिटरको अर्को झर्ना रहेकोले निकै रमणीय पर्यटकीय गन्तब्यका रुपमा परिचित छ । यहाँ सम्म पुग्न गाडीको बाटो र ट्रेकिङ मार्ग समेत विकास भईसकेको अवस्था छ ।

**ताल पोखरीः**

यस पोखरी सन्दकपुर गाउँपालिकाको वडा नं. २ माईमझुवामा धप्पर भन्दा केही माथी पर्दछ । यहाँ बाट कञ्चनजंगाको छायाँ बहुत सुन्दर मनै लोभ्याउने दृष्य देखिन्छ । याथै यस वडामा फुस्रे पोखरी लगायतका कालीका पोखरी,जौले पोखरी,गुफा पोखरीहरु पनि रहेको छ जुन अति सुन्दर रहेको छ ।

## माईपोखरीः

जिल्ला सदरमुकाम इलाम बजारबाट करीव १७ किलोमिटर उत्तरमा रहेको  सन्दकपुर गाउँपालिका वाड नं १ र ३ को सीमानामा पर्ने माइपोखरी नेपालकै एक आकर्षक पर्यटकीय गन्तब्य, धार्मिक आस्थाको केन्द्र र जैविक विविधताले धनी क्षेत्रका रुपमा रहेकोछ । माइपोखरी क्षेत्र इलाम जिल्लाको पर्यटकीय पर्यायका रुपमा रहँदै आएको छ । यस क्षेत्रको प्रमुख आकर्षण गन्तव्य माइपोखरीलाई २८ अक्टोवर सन् २००८ मा विश्व रामसार सूची अर्न्तगत सूचिकृत गरी नेपालको नवौं र मध्यपहाडी क्षेत्रको पहिलो रामसार क्षेत्र घोषणा गरे पछि यसको विश्वव्यापी पहिचान समेत स्थापित भैसकेको छ । नौवटा कुनामा फैलिएको माइपोखरीलाई प्रकृतिको सुन्दर सिर्जनाका रुपमा लिइने गरिन्छ ।

माइपोखरीको नामाकरणमा 'माई' अर्थात् आमा जोडिएकाले पनि यसको महत्व दर्साउँछ जसको अर्थ पोखरीहरुको पनि आमा भन्ने लाग्दछ ।माईपोखरीलाई साक्षात देवीका रुपमा मानिन्छ यहाँ बलिप्रथा भने निषेध रहेको छ । मनोकामना पूर्ण होस् भनेर भाकल गर्ने र परेवा उडाउने प्रचलन रहेको छ । धार्मिक आस्थाको केन्द्र रहेको यस क्षेत्रका बारेमा अनगिन्ति किम्बदन्तीहरु रहेका छन् । माइपोखरीको इतिवृत्त भन्ने पुस्तकमा टंक सुवेदीले लेख्नु भएको लेखका अनुसार मरुत राजाले यस ठाँउमा आएर नौवटा कुनामा नौवटै मन्दिर स्थापना गरि नवदुर्गाको पुजा गरी सो पुजा विसर्जन पश्चात पुजा स्थान सुरक्षित होस् भनी गंङ्गाजीको आराधना गर्दा जल उत्पन्न भएको जनश्रुति रहेको छ । कुनै समयमा पोखरी वरिपरिका रुख विरुवाबाट पोखरीमा खसेका पातपतिङ्गरहरु चराचुरुंङ्गीहरुले टिपेर बाहिर फ्याँक्ने गरेको कुराहरु सुन्न पाइन्छ । स्थानीयको भनाई अनुसार पहिले परापूर्वकालमा पोखरीमा पञ्चैबाजा, शंखघण्ट बज्ने गरेको र हाल पनि पोखरीबाट आकस्मत अनौठो ज्योति निस्कने र तुरुन्तै लोप हुने गरेको रहस्य स्थानीयबासीहरु व्यक्त गर्दछन् । द्वापार युगको अन्त्यमा पाँच पाण्डवहरु वनबास रहने क्रममा बराहक्षेत्र, अर्जुनधारा हुँदै माइपोखरीसम्म आई फर्किएको जनश्रुति समेत पाइन्छ । यसै गरी राजा मारुतका साथमा उनकी 'इला' नाम गरेकी छोरी पनि आएकी थिइन् र उनै 'इला' बाट यस जिल्लाको नाम नै इलाम रहन गएको हो भन्ने जनश्रुति समेत रहेको छ । माइपोखरीलाई हिन्दु, बौद्ध र किराँत मुन्धुम धर्मको आस्थाका रुपमा लिइन्छ । साथै हिन्दु धर्म अन्तर्गतका पुरणहरुमा यस पोखरीको वारेमा व्याख्या गरेको पाइन्छ । माइपोखरी परिसरमा सत्यधुनी आश्रम, निर्मल माइआश्रम, टाँसी छोलिङ्ग गुम्बा, शिवालय, सरस्वती मन्दिर तथा भगवती मन्दिर रहेका छन् । वैशाखे पुर्णिमा र ठुली एकादशीका दिन माइपोखरीमा विशेष पुजा अर्चना र मेला लाग्ने परम्परा रही आएको छ । धार्मिक तथा सांस्कृतिक विविधताले धनी यस क्षेत्रका समुदायको माइपोखरी प्रतिको आस्था भने समान रहेकोछ । सवै धर्म संस्कृतिको संगम रहेको माइपोखरीले सिंगो इलामको सास्कृतिक सम्भयताको प्रतिविम्बित गर्ने कुरा सहप्राध्यापक युद्धप्रसाद बैद्यले 'माइपोखरीको इतिवृत्त' नामक पुस्तक भित्र आफ्नो लेखमा उल्लेख गर्नु भएकोछ ।

९० हेक्टर मा फैलिएको  यस सिमसार माईपोखरी क्षेत्र जैविक विविधताका दृष्टिले समेत उत्तिकै महत्वपूर्ण रहेको छ । यस क्षेत्रमा ४ प्रजातीका लालीगुँरास, ३ प्रजातीका चाप, कटुस, लौठ सल्ला, भद्रासे, सल्ला, १६ प्रजातीका सुनाखरी, ६२ प्रजातीका जडिबुटी सहित ३०० प्रजातीका फुलफुल्ने र नेपालमा मात्र पाइने गलैचे झ्याँउ -Peat moss) वैज्ञानिक नाम (Sphagnum Nepalense H.suzuki), लेउ, उन्यू, लगायतका वनस्पति पाइन्छन् । लोपोन्मुख पानी गोहोरो (ठकठके) (Himalayan

Salamander), लोखर्के, ओत, भ्यागुत्ता, पाहा, चमेरो, मृग, सर्प लगायत १२ प्रजातीका जलचर, ६ प्रजातीका उभयचर, ३ प्रजातीका माछा, १४ प्रजातीका स्तनधारी र ३०० भन्दा बढी प्रजातीका चराचुरुङ्गीहरु रहेका छन् ।

माईपोखरीमा खास गरी तीन थरिका पर्यटकहरु आउने गर्दछन् । पहिलो धार्मिक आस्थाका आधारमा आउने, दोस्रो यहाँको प्राकृतिक सुन्दरता र सम्पदाको अवलोकन गर्न आउने र तेश्रो यहाँको सामाजिक, आर्थिक, साँस्कृतिक, तथा वातावरणीय पक्षको अध्ययन अनुसन्धान, संरक्षण र विकासमा लागि पर्ने मानिसहरु रहेका छन् । इलामको उत्तरी क्षेत्र प्रवेशको लागि एउटा सजिलो मार्ग भएका कारण समेत यस क्षेत्रमा पर्यटकहरु धेरै संख्यामा वर्षै भरि आउने गर्दछन् । यातायातको सुविधाले समेत यस क्षेत्रमा आउने जाने पर्यटकहरुलाई सजिलो भएको छ । जिल्लाका  अन्य गन्तब्यहरुसँग यसको सम्पर्क र सञ्जाल बनाउन सके आगामी दिनमा यस क्षेत्रको पर्यटकीय विकासमा थप टेवा पुग्ने देखिन्छ ।

**हाँगेथामः**

सन्दकपुर गाउँपालिका वाड नं ५ जमुनामा समुन्द्री सतहबाट करिव २१७० मिटर उचाईमा अवस्थित हाँगेथाम प्रकृतिप्रेमी, संरक्षणकर्मी र पर्यटकहरुका लागि आकर्षक गन्तव्य हो । हाँगेथाम क्षेत्र प्राकृतिक सम्पदा, जैविक विविधताले धनी आकर्षक भूपरिदृश्य, धार्मिक तथा पर्यटकीय दृष्टिले इलाम जिल्लाको उत्कृष्ट गन्तव्य पनि रहेकोछ । स्वच्छ चिसो हावापनी, छिनछिनमा परिवर्तन हुने मौसम, भुइँ कुहिरोको सेताम्य दृश्य, चराचुरुङ्गीहरुको चिरविर आवाज, घना वनजंगल र इलाम जिल्लाका अधिकांश भागका दृश्यहरु देखिने यस क्षेत्रमा पुग्ने जोकोहिको मन आनन्दित हुन्छ । विश्वमै दुर्लभ मानिएको हाब्रे (रेडपाण्डा), थार, ध्वाँसे चितुवा, कालो भालु, चरीबाघ, राजपंखी, ठकठके लगायतका वन्यजन्तु, काँडेभ्याकुर, मुनाल, चिल, पानीहाँस लगायत मौसम अनुसार टाढाटाढाबाट बसाई सरी आउने चराचुरुङ्गीहरु (Migratory Birds), र लालीगुँरास, चाँप, लौठसल्ला, सुनाखरी, चिराइतो, बान्टे, बज्राँठ, कटुस, लगायत धेरै जडिबुटीहरु यस क्षेत्रमा पाइन्छन् । चरा अवलोकनका लागि यो क्षेत्र विश्वमै प्रसिद्ध रहेको संरक्षणका पुस्तकहरुमा पढ्न पाइन्छ । जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान र अवलोकनका लागि विभिन्न देशहरुबाट मानिसहरु यस क्षेत्रमा आउने गरेकाछन् ।

हाँगेथाम क्षेत्रको धार्मिक र साँस्कृतिक महत्व पनि उत्तिकै रहेको छ । हिन्दु, बौद्ध,  र किराँत समुदायले यस क्षेत्रलाई विशेष धार्मिक आस्थाले हेर्ने गरेका छन् । नागपुजा, ल्होसारपर्वको अवसरमा विशेष पुजाआजा र भाकल गर्ने परम्परा रहँदै आएकोछ । यस बाहेक जैविक विविधताको अध्ययन, अनुसन्धान र अवलोकन, पिकनिक, प्राकृतिक दृश्यावलोकन, स्थानीय संस्कृति, परम्परा र रहनसहनको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटकहरु यहाँ आउने गरेकाछन् । हाँगेथाम क्षेत्रमा शेर्पा, राई गुरुङ्ग र तामाङ्ग समुदायको सानो बस्ती रहेको छ । यहाँ ग्रामीण रहनसहनको भरपुर आनन्द लिन सकिन्छ । इलाम सदरमुकाम नजीकै रहेको विब्ल्याँटे बजारबाट मोटर चढी जमुनाको  हाँगेथाम पुग्न सकिन्छ । हाँगेथामबाट भारततर्फको सिमावर्ती क्षेत्र कैयाँकट्टा, गैरीबास, जौबारी हुदै सन्दकपुरको मनोरम दृष्यको अवलोकन गर्न जान  सकिन्छ ।

**चोयाटार सामुदायिक वन :**

सन्दकपुर गाउँपालिका वाड न. ५  जमुनामा अवस्थित चोयाटार सामुदायिक वन विश्वकै दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण र ग्रामीण पर्यटनको प्रारम्भसँगै भर्खरै विकसित हुँदै गएको पर्यापर्यटकीय

स्थल हो । स्थानीय समुदायले यस वन क्षेत्रमा रेडपाण्डाको बासस्थान संरक्षण गरी आगन्तुक आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि रेडपाण्डा अवलोकन गर्ने व्यवस्था मिलाएकोछ । मालिङ्गाको भण्डार रहेको यस स्थानमा , स्थानीय स्तरमा होमस्टे प्रणालीको व्यवस्था छ । चोयाटार पुग्नका लागि इलाम सदरमुकाम नजीकैको बिब्ल्याँटे बजारबाट सडक यातायातको माध्यमले जमुनाको बुधबारे बजार हुदै इङ्ला चोयाटार पुग्न सकिन्छ ।

**जौबारी, तुम्लिङ्ग र मेग्मा :**

सन्दकपुर गाउँपालिका वाड न.  ५ जमुनाको पूर्वीउत्तर भेगमा अवस्थित जौबारी सिमावर्ती व्यापारिक थलो र पर्यटकीय स्थल हो । इलाम जिल्लाका विभिन्न प्राकृतिक स्थानहरुको दृश्यावलोकन, सगरमाथा, कञ्चनजंघा लगायतका हिमश्रृंखलाहरुको दृश्यावलोकन तथा शेर्पा, भोटिया रहनसहन र संस्कृतिको अवलोकनका लागि जौबारी परिचित रहेको छ । जौबारीबाट ४ किलोमिटर दक्षिणको भारतीय सिमावर्ती क्षेत्रमा अर्को सानो वस्ती तुम्लिङ्ग र त्यसभन्दा २ किलोमिटर दक्षिणमा मेग्मा अवस्थित रहेकोछ । यस क्षेत्रमा सिमावर्ती ट्रेकिङ रुट (Boarder Trekking Route), नेपाल तथा भारतीय क्षेत्रको दृश्यावलोकन, सिंहलिला नेशनल पार्कको अवलोकन प्रमुख आकर्षणका रुपमा रहेकाछन् । खास गरी भारतीय भूमि हुँदै सन्दकपुर आउने  भारतीय तथा तेश्रो मुलुकका पर्यटकहरु यहि मार्ग भएर जाने हुदाँ दिनहुँजसो यस क्षेत्रमा पर्यटकहरुको चहलपहल भइरहन्छ । पर्यटकहरुका लागि खान तथा बस्नको आधारभूत सुविधा सम्पन्न होटलहरु यस क्षेत्रमा रहेका छन् । इलाम सदरमुकामबाट नयाँबजार थुम्के हुँदै वा पशुपतिनगर गोर्खे लामिधुरा हुँदै यी स्थानहरुसम्म मोटरबाट या पैदलयात्रा गरी पुग्न सकिन्छ । जौबारीमा नेपाल सरकारको आलु विकास तथा अनुशन्धान केन्द्र रहेको छ जहाँ करिव १३६ जातिका आलुहरु उत्पादन गरी आलु उत्पादनको क्षेत्रमा राम्रो परिचय बनाएको छ ।

**माबुथाम :**

सन्दकपुर गाउँपालिका वाड नं. ४ माबुमा अवस्थित माबुथाम र आसपासका क्षेत्रहरु पर्यटकीय दृष्टिले निकै रमणीय क्षेत्रका रुपमा रहेका छन् । यस क्षेत्रमा रहेको बौद्ध समुदायको साधना केन्द्र डुख्याङ गुफा, बौद्ध गुम्बा, रमिते ढुङ्गा,चमेरे गुफा, माबुथाम, बालागुरु गुफा, दोबाटे, लालबास सिमसार क्षेत्र, विश्वकै दुर्लभ वन्यजन्तु रेडपाण्डा पाइने स्थान हो । भारतीय सिमावर्ती क्षेत्र, कालपोखरी र बिखेभञ्ज्याङ्ग पर्यटकीय आकर्षणका क्षेत्रहरु हुन् । यस स्थानबाट नजीकै रहेको अर्को पर्यटकीय गन्तब्य सन्दकपुर समेत जान सकिन्छ । प्राकृतिक दृश्यावलोकन, जैविक विविधता अवलोकन तथा ग्रामीण रहनसहनको अध्ययनका लागि यो क्षेत्र महत्वपुर्ण रहेकोछ । मेची राजमार्गको  बिब्ल्याँटे, सुलुबुङ्ग, माइखोला, सोमबारे बजार हुदै जीपबाट लगभग डेढ घण्टाको यात्रामा माबुथाम पुग्न सकिन्छ । यस भेगमा पर्यटकहरुका लागि सिमित संख्यामा होटल र होमस्टेहरु सञ्चालित रहेका छन् ।

**चन्द्रपाल थेवे धाप पोखरी:**

सन्दकपुर गाउँपालिका वडा नं. ५ जमुनामा अवस्थित चन्द्रपाल थेवे धाप पोखरी प्राकृतिक रुपमा रहेको सिमासार क्षेत्रमा बाँध बाँधी बनाइएको इलाम जिल्लाकै सबैभन्दा ठूलो मावन निर्मित जलाशय हो । यसको निर्माण २०७१ सालबाट शुरु भएको हो । यो करिब ५० रोपनी क्षेत्रफलमा फैलिएको छ । यस पोखरी वरिपरि १३ बटा पानीका मुहानहरु रहेका छन् ।  । धेरै प्राकृतिक पर्यटकीय उपज भएको इलाममा यो मुख्य मानव निर्मित पर्यटकीय उपज हो । यो जलाशयको निर्माणसंगै हरेक नयाँ बर्षको

पहिलो दिन यहाँ विशेष मनोरञ्नात्मक सांस्कृतिक मेला आयोजना गर्ने कार्यक्रम गर्न थालिएको छ । यस पोखरीमा विभिन्न प्रकारका माछा पाईनका साथै फिसिङ र डुङ्गा सयर समेत गर्ने व्यवस्था भएकोले पर्यटकको मन जित्न सफल भएको छ ।

**छिन्टाप्पु** :

करिव ३३०० मिटरको उचाईमा रहेको यस छिन्टाप्पु डाँडा पाँचथर जिल्लाको फिदिम नगरपालिकाको सिमानालाई छुने वडा नं. १ माईपोखरी र वडा नं. २ को सिमानामा पर्ने उत्तरी भेगमा पर्दछ । यस क्षेत्रमा डाँफे,रेडपाण्डा, चितुवा, घोरल, भालु बाँदेल जस्ता बहुमुल्य जनावारहरु पाउन सकिन्छ । यसका साथै यस क्षेत्र हिँउदमा सेताम्य हिउले ढाक्ने भएकोले यस क्षेत्रमा बहुमुल्य हिमाली जडिवुट्टी जस्तै विखुप्मा सतुवा, पाखानवेद, चिराईतो आदि प्रसस्त पाईन्छ । यो ईलामकै एकै ठाँउमा सवै भन्दा धेरै करिव १८ प्रजातिका लालिगुरास पाईने क्षेत्र पनि हो । छिन्टप्पुबाट कञ्चनजंगा हिमश्रीङ्खला र १४ वटा जिल्ला एकै स्थानबाट अवलोधन गर्न सकिन्छ । यहाँ चारबटा सासाना पोखरी रहेको छ जुन अति सुन्दर छ जहाँ हिमालको प्रतिविम्बले झन मनमोहक बनाएको छ । ढुंगामा ओखल आकृतिमा पानी पलाएको अद्भूत प्राकृतिक स्थल रहेको छ यो ईलाम जिल्लाको चार माई मध्ये पवित्र खोला पुवामाई वा पुवाखोलाको उद्ग्गम स्थल पनि हो ।साथै माईपोखरी कै भित्ते भन्ने ठाउँमा स्याल ढाँडे गुफा करिव २५ फीट लम्बाई भएको गुफा रहको छ जहाँ प्रत्येक वर्ष शिवरात्रीको दिन ठुलो मेला लाग्ने गर्दछ ।

**माईखोला र पुवाखोला**

माईखोला, एक पवित्र धार्मिक तथा प्रकृतिक रुपमा रहेको सदावहार वहने महाभारत पर्वतकै उच्च स्थान सन्दकपुरबाट उत्पती भएको ईलामकै सवैभन्दा ठूलो खोला हो जसलाई झापा जिल्लामा कन्काईमाई नामले समेत चिनिन्छ । साथै पुवाखोला, गिताङ खोला, धुवाखोला, पाहा खोला, निवा खोला, निवा खोला, राते खोला, ईङ्ला खोला, छाँगे खोला (झरना) ,समाहा खोला, सानीमाई खोला,चमेरे खोला,भालु खोला जस्ता दर्जनौ खोला तथा अन्य धेरै सासाना खोल्सा खोल्सीहरु रहेकोले यस गाउँपालिका इलामकै सवै भन्दा बढी पानीको स्रोत भएको गाउँपालिकाको रुपमा रहेको छ । जसले गर्दा पर्यावरणीय सन्तुलन, सिचाई, खानेपानी तथा जलविद्युत उत्पादनको लागि यो भूमीको ठलो महत्व रहेको छ ।

साथै सन्दकपुर गाउँपालिका प्रदेश नं.१ कै प्रमूख गन्तव्य स्थल र संस्कृतिक ग्रामको रुपमा घोषणा भएको र संघ सरकारको एक सय गन्तव्य स्थलहरु मध्ये उत्कृष्ट दश गन्तव्य स्थलको रुपमा समेत छनौट भईसकेको हुनाले पनि यस गाउँपालिकाको महत्वलाई उजागर गर्दछ ।

समग्रमा हेर्दा पर्यटकीय स्थलहरुको उद्गम भूमि, विभिन्न किसिमको हावापानी, संस्कृति, भेषभुषा, रितिरिवाज,भाषा,जातजाति वसोवास गरेको भुमि हो भने अनेकौ जडिवुटीले भरिएको वन क्षेत्र चार वटा जलविधुत आयोजनाको मुहान रहेको साथै अनन्त विकासका संभावनाहरुलाई थेगिरहने अवसर यस गाउँपालिकाले पाएको छ ।

## २.काम कर्तव्य र अधिकार

### सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिका (कार्य बिभाजन) नियमावली २०७४ अनुसार गाउँकार्यपालिकामा रहने विषयगत शाखा (शाखा, कार्यालय, उपशाखा, इकाईको विवरण)

(गराउनु पर्ने जनसंख्या तथा विकासका मुख्य मुख्य प्राथमिकता अनुरुप संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा बिषयगत शाखा तथा कार्यालय, उपशाखा वा इकाई निर्धारण गर्न सक्नेछन । जनशक्तिको उपलब्धता तथा प्रशासनिक खर्चलाई ध्यान दिई एउटा बिषयगत शाखा अन्तर्गतको कुनै कार्यालय,वा उपशाख इकाईले मिल्दो अन्य बिषयक्षेत्रको कार्यसमेत सम्पादन गर्न सक्नेछ ।)

१. सामान्य प्रशासन शाखा

(क) स्थानीय सेवा तथा जनशक्ति विकासउपशाखा
(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन उपशाखा
(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडा सँगकोउपशाखा समन्वय
(घ) नगर प्रहरी व्यवस्थापनउपशाखा
(ङ) न्याय, कानून तथामानव अधिकार प्रवर्द्धनउपशाखा
(च) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन उपशाखा
(छ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण उपशाखा
(ज) बैठक तथा विधायन उपशाखा
(झ) आन्तरिक लेखा परीक्षण उपशाखा
(ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि तथा विभूषण इकाई

२. राजश्व तथा आर्थिक प्रशासनशाखा

(क) राजश्व नीति तथा प्रशासन उपशाखा
(ख) आर्थिक प्रशासन उपशाखा

३. पूर्वाधार विकास तथा भवन नियमन शाखा

(क) सडक तथा यातायात व्यवस्था उपशाखा
(ख) भवन तथा भवन संहिता एवं निर्माण इजाजत(डिजाइन समेत उपशाखा
(ग) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा,भू–उपयोग तथावस्ती विकास उपशाखा

- जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा इकाई
- बस्ती विकास इकाइ

(घ) जलविद्युत, उर्जा, सडक वत्ति तथासिंचाइ  उपशाखा

- जलविद्युत, उर्जा र सडक वत्तिइकाई
- सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रणइकाई

(ङ) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण तथा फोहरमैला व्यवस्थापन  उपशाखा

(च) विपद् व्यवस्थापन (बारुणयन्त्र, एम्वुलेन्स  तथा यन्त्र उपकरण परिचालन समेत )उपशाखा (छ) सार्वजनिक निजी साझेदारी  इकाई

**४. आर्थिक विकास शाखा**

(क) कृषि, पशुपन्छी तथा सहकारी कार्यालय

(ख) वन तथा भू–संरक्षण कार्यालय

(ग) उद्योग तथा उद्यमशिलता विकास उपशाखा

(घ) रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण  उपशाखा

**५.सामाजिक विकास शाखा**

(क) आधारभूत तथा माध्यमिक शिक्षा  कार्यालय

(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप  इकाई

(ग) आधारभूत  स्वास्थ्य तथा सरसफाई  कार्यालय

(घ) खानेपानी  व्यवस्थापन  कार्यालय

(ङ) लैंगिक समानता तथा सामाजिक सुरक्षा  उपशाखा

- लैंगिक समानता  इकाई
- वालवालिका, किशोर किशोरी तथा  युवा  इकाई
- अपांगता भएका व्यक्ति तथाजेष्ठ नागरिक  इकाई

(च) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन  इकाई (छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ताइकाई (ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धनइकाई

**६. योजना, अनुगमनतथा तथ्यांक शाखा**

(क) योजना, कार्ययोजना तर्जुमा  उपभोक्ता  तथा समिति परिचालन  इकाई (ख) अनुगमन तथा मूल्यांकन  इकाई (ग) तथ्यांक व्यवस्थापन इकाई

## बिषयगत शाखाको कार्य विभाजन

**१. सामान्य प्रशासन शाखा**

(क) स्थानीय सेवातथा जनशक्ति विकास

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
- संविधानको धारा ३०२ बमोजिम  सायोजन  भई आउने कर्मचारीको व्यवस्थापन

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य

- गाउँपालिकाको संगठन विकास,सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग,बर्द्धन र प्रनियमन

- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा

- गाउँपालिकामा सार्वजनिक विदा,उत्सब जात्रा, उर्दी आदिको व्यवस्थापन

- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन

- गाउँपालिकाको लागि सार्वजनिक खरीदतथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय
- गाउँपालिकाभित्रको सार्वजनिकतथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज,कोवन विवरण सहितको अद्यावधिक अभिलेख
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण ।

(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय वडासँगको तथा समन्वय

- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व

- जिल्ला समन्वय समितिसँगको समन्वय

- वडा तहसँगको सम्पर्क र समन्वय

- पत्राचार, सभा, समारोह, शिष्टाचार

(घ) नगर प्रहरी व्यवस्थापन

- संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- नगर प्रहरीमार्फत देहायका कार्य सम्पादन गर्ने,
- नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
- सम्पत्तिको संरक्षण,
- गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
- नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन, य गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान, य स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
- कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद्व्यवस्थापनमा सहयोग,
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग, फूटपाथ व्यवस्थापन

- निर्माण नियमन य गुणस्तर नियन्त्रण
- नगर प्रहरी सम्बन्धी अन्य कार्य ।

(ङ) न्यायिक समितिको सचिवालय,न्याय, कानून,मानव अधिकार प्रवर्द्धनतथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन

- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य
- न्याय तथा कानूनी राज्यकोपरिपालना
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन
- व्यक्ति र समुदायबीचमेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

(च) सूचनातथा सञ्चार प्रविधि वकार्स तथा विस्तार र एफ.एम. सञ्चालन

- नवीकरण र नियमन
- एक सय वाटसम्मको एफ. एम.रेडियो सञ्चालन अनुमति, नवीकरण र  नियमन
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तारसम्बन्धी कार्यक्रमतर्जुमा र कार्यान्वयन
- बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविध विकासमा लगानी
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।

(छ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा उपभोक्ता हित संरक्षण

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमन
- बजार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरकोग अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
- खानेपानीको गुणस्तर नियन्त्रण,
- स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन ।

(ज) बैठक तथा विधायन

- कार्यपालिकातथा सभाको बैठक व्यवस्थापन
- कार्यपालिकाको निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
- कार्यपालिका तथासभामा पेश गर्नुपर्नेविभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन
- नीति, कानुनकोप्रमाणीक प्रतिको संरक्षण,प्रकासनका लागि समन्वय

- विधायन सम्वन्धी अन्य कार्य

(झ) आन्तरिक लेखापरीक्षण

- आन्तरिक तथा पूर्व लेखापरीक्षण
- लेखापरीक्षण विवरण(बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्वन्धी क्षमता विकास कार्य

(ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण, आदि ।

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव,जात्रा, उर्दी आदिको व्यवस्थापन
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख

**२. राजश्व तथा आर्थिक प्रशासनशाखा**

(क) राजश्व नीति तथा प्रशासन

- राजश्व सम्बन्धी नीति, कानून तर्जूमा, कार्यान्वयन र नियमन(राजस्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर(मालपोत,) दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन,अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिकस्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिमप्राकृतिक श्रोत साधन र सेवा शुल्क स्ताज रोयल्टी सङ्कलन, समन्वय र नियमन
- स्थानीय पूर्वाधार सेवा पयोगमारउ सेवा शुल्क तथा दस्तुर(नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन)
- मालपोत संकलन
- कानुन बमोजिम ढुंगा,टी,गिटवालुवा, माटो,नुन,स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खननरसो सम्बन्धी रोयल्टी सङ्कलन
- ट्रेकिङ्ग, कायाकिङ्ग,
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट र प्राप्त रोयल्टी सङ्कलन
- पानीघट्ट, कूलो, पैनी जस्ता वा सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना
- बाँकी बक्यौता रकमको लगत र असुल उपर

- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन
- राजश्व परामर्श समिति सम्बन्धी विषय
- स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,
- राजश्वको सम्भाव्यता अध्ययन
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान
- संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था

(ख) आर्थिक प्रशासन

- आर्थिक(कार्यविधी)नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन
- बजेट सीमा निर्धारण, बजेटतर्जूमा, कार्यान्वयन र नियमन
- सञ्चित कोषतथा आकस्मिक कोषको व्यवस्थापन
- लगानी र लाभांशको व्यबस्थापन
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकोषरीतथाक संपत्तिको एकीकृत विवरण
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण
- ऋण तथा अनुदानको व्यवस्थापनर नियमन
- लगानी प्रक्षेपण(सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन
- कारोबारका लेखांकन, नियन्त्रण तथा व्यवस्थापन
- राजश्व तथा व्ययको अनुमान
- बेरुजू फछ्र्यौट
- आर्थिक प्रशासन र व्यबस्थापन सम्बन्धी अन्य विषय ।

**३.पूर्बाधारवकार्स तथा भवन नियमनशाखा**

(क) सडक तथा यातायात व्यवस्था

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायातसम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षाव्यवस्थापन र नियमन

- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाकोणस्तर,भाडागु दर निर्धारण र नियमन
- ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन,
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन,अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीकोर्द्धनप्रव
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय
- यातायात क्षेत्रमा लगानी अभिबृद्धि
- यातायात सुविधामानागरिकको सरल, सहज र समान पहुँच

- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन

(ख) भवन तथा भवन संहिताएवंनिर्माण इजाजत( डिजाइन समेत)

- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

- राष्ट्रि य भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माण इजाजत, भवन संहिता कार्यान्वयन
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन,मन निय
- पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुन:निर्माण,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार,

(ग) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा,भू–उपयोग तथावस्ती विकास
जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा,

- प्रादेशिक मापदण्ड बमोजिमघरजग्गा धनी दर्ताप्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन
- भूमिको वर्गीकरण अनुसारको लगत
- जग्गाको कित्ताकाट र भूमी लगत(नक्शा, स्रेस्ता) निर्माण र संरक्षण
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारणतथावितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता

- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत

**बस्ती विकास**

- शहरीकरण, बस्ती विकाससम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना हिचान,प अध्ययन, कार्यान्वयन र नियमन
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमार्न्वकायान
- एकीकृत बस्ती विकासका लागि जग्गाको ककरणएर्ि तथा जग्गा विकास र व्यबस्थापन

- सङ्घीय र कार्यान्वयन
- सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासकाकार्यक्रमको तर्जुमार कार्यान्वयन
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था
- एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।
-

(घ) **जलविद्युत, उर्जा,सडक वत्तीर सिंचाई**

**जलविद्युत, उर्जा र सडक वत्ती**

- साना जलविद्युतआयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धीसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रबर्द्धन,
- विद्युत वितरण प्रणाली रेवाकोस व्यवस्थापन, सञ्चालन नियमनर
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगीस विका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक वत्तीको व्यवस्था
-

**सिंचाईतथा जलउत्पन्न प्रकोप नियन्त्रण**

- सिँचाई सम्बन्धी नीति,कानून, मापदण्ड निर्धारण र नियमन
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारणसङ्कलन व्यवस्थापन
- जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

(ङ) वातावरण, पर्यावरणएवं जलाधारक्षेत्र संरक्षणतथा फोहरमैला व्यवस्थापन

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून,कार्यक्रम तर्जूमा, क र्यान्वयनर नियमन
- बृक्षारोपण, हरियाली तथाहरित क्षेत्रको प्रर्वद्धन
- फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
- सरसफाई  तथास्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन
- वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण
- हानिकारक पदार्थहरूको नियमन तथा  नियन्त्रण
- सार्वजनिक शौचालय व्यवस्थापन
- वातावरणीय जोखिम न्यूनीकरण
- न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
- पानी मुहानको संरक्षण
- पहिरो नियन्त्रण
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रम

(च) विपद्व्यवस्थापन, बारुण यन्त्र, एम्वुलेन्स

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीयस्तरका आयोजनाको कार्यान्वयन र नियमन
- विपद्पूर्व तयारी तथा प्रतिकार्य यो,जोखिमना न्यूनीकरण कार्य योजना
- विपद्पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- विपद्जोखिम क्षेत्रको नक्साङ्कना तथा बस्तीहरूको पहिचान र स्थानान्तरण
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजी क्षेत्र सँग सहयोग, समन्वय र सहकार्य
- विपद्कोषको  स्थापना तथासञ्चालन र स्रोत साधनको परिचालन
- विपद्पश्चात्स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण
- विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- प्राकृतिकप्रकोपको रोकथाम र पूर्व तयारी
- विपद्जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको कार्यान्वयन
- बारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली

(छ) सार्वजनिक निजी साझेदारी

- स्थानीय सार्वजनिक–निजी साझेदारी सम्वन्धी स्थानीय नीति, योजना निर्माण
- स्थानीय सार्वजनिक–निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन
- स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन

**४. आर्थिक विकासशाखा**

(क) कृषि, पशुपन्छी तथा सहकारी

**कृषि**

- कृषि,कृषि प्रसार,कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, पदण्ड,मा योजना, कार्यान्वयन र नियमन
- कृषि बजार सूचना,कृषिबजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक विकास क्षमता कार्यक्रमको सञ्चालन
- कृषिजन्यप्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताकोक्षणसंरप्रवर्द्धन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण
- कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण
- शीत भण्डारणको व्यवस्थापन
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिकवा, टेवा,से सीप विकास र सशक्तीकरण
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीयघ् सङंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली कृषितथा सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन
- पशुपालनर पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना,हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषकताविकासक्षम कार्यक्रमको सञ्चालन र नियमन
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण

- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारको गुणस्तरनियमन
- स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**सहकारी**

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन।

(ख) वन, भू–संरक्षण,वन्यजन्तु, जलाधार,जडिबुटी तथा जैविक विविधता

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण,र्द्धन, सम्वउपयोग र नियमन
- वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक,ार्मिकध र कबुलियती वनको व्यवस्थापन
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- निजी तथा व्यवसायिक वनको प्रबर्द्धन र नयमर्नि
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन
- वनबीऊ बगैँचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन

- नर्सरी थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण,व्यवसायिक पालन, उपयोग र अनुगमन
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- स्थानीय प्राणी उद्यान(चिडियाखाना) को स्थापना र सञ्चालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन
- स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान
- रैथाने प्रजातिको संरक्षण धन्रप्रवर्द
- मिचाहा प्रजातिको नियन्त्रण
- जैविक विविधताको अभिलेख
- सामुदायिक भूसंरक्षण ोमारसआधारित आय आर्जन कार्यक्रम
- भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
- जलवायू परिवर्तन अनुकुलन कार्य
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन

(ग) उद्योग तथा उद्यमशिलता विकास रखानी तथा खनिज पदार्थको संरक्षण उद्योग

- लघु, घरेलु तथा साना उद्यो गकादर्ता, नवीकरण, खारेजी र नियमन
- लघु, घरेलुथा तसाना उद्योगको विकास र प्रवर्द्धन
- उद्यमशिलता प्रवर्द्धन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी
- सीप विकास सम्बन्धी कार्यको प्रबर्द्धन ।

**खानी तथा खनिज**

- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्
- ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन

- भौगालिक नक्सा प्रकाशन ।

(घ) रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून,मापदण्ड, नियमन  र अध्ययन अनुसन्धान
- गरिबी निवारणकोस्थानीय रणनीति तर्जूमा
- गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीयसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन,शोधनप्र र सूचना प्रणालीको स्थापना
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचनायवस्थापनव
- पहिचान भएका गरिब घरपरिवार एवंलक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम,त स्रो परिचालन र व्यवस्थापन
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा  सीकोकुम्बपहिचान र अभिलेख व्यवस्थापन
- सुकुम्बासी सम्बन्धीजीविकोपार्जन र बसोबास व्यवस्थापन
- रोजगारीका अवसर सिर्जनासम्वन्धी

**५. सामाजिक विकास शाखा**

(क) आधारभूत तथामाध्यमिक शिक्षा

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा( गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, याकोजन निर्माण, कार्यान्वयनर नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार
- आधारभूततह (कक्षा ८) को परीक्षा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण व्यवस्थापनर
- विद्यार्थी ोत्साहनप्र तथा छात्रवृत्तिको व्यवस्थापन
- शैक्षिकपरामर्श सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

- माध्यमिक तहसम्मको शैक्षिककार्यक्रमको समन्वय र नियमन
- पुस्तकालय एवं पत्रपत्रिका
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्रञ्चालनस तथा व्यवस्थापन ।

(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप

- स्थानीयस्तरमा खेलकूद प्रशासनतथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण,तथासञ्चालनविकास
- खेलकूदको विकास र प्रवर्द्धन
- खेलकूद प्रतियोगीता आयोजनरसहभागीता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

(ग) आधारभूत स्वास्थ्यतथा सरसफाई

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाकनिर्माण, कार्यान्वयन तथा नियमन
- राष्ट्रि य तथा प्रदेशस्तरीयलक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण
- संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन
- आधारभूतस्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- सरसफाई सचेतनाको अभिवृद्धि
- रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा
- औषधि पसल सञ्चालन र नियमन
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्यस्तुकोव उत्पादन, प्रशोधन वितरण
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमकोवस्थापनव्य
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन
- औषधिको उचित प्रयोग मजीवरसूक्ष्निरोधक प्रतिरोध न्यूनीकरण
- औषधि र स्वास्थ्यउपकरणको खरीद, भण्डाण र वितरण
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मकप्यालिएटिभर स्वास्थ्य सेवाको सञ्चालन

- स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन
- जुनोटिक कीटजन्यर रोगको नियन्त्रण तथा व्यवस्थापन
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुकोयोग नियन्त्रणप्र तथा सचेतना अभिवृद्धि
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका स्वास्थ्यपरम्पराग उपचार सेवाको व्यवस्थापन
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीकोनियन्त्रण योजना र कार्यान्वयन
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह

(घ) खानेपानीव्यवस्थापन

- स्थानीय खानेपानीसम्बन्धी नीति, कानून, पदण्ड,मा योजना, कार्यान्वयन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- सार्वजनिक स्थलमापिउने पानी व्यवस्थापन
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय

(ङ) लैंगिक समानता तथा सामाजिक सुरक्षा

लैंगिक समानता

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण,क्षमता विकास
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना
- लैंगिक उत्तरदायी बजेट

वालवालिका

- बालबालिकाको हकहीत संरक्षण सम्बन्धीस्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- बालबालिकाको हकहीतसंरक्षण
- बालमैत्री शासकीय प्रवन्ध, बाल ब,क्ल बाल संरक्षण समिति तथा बालसञ्जाल
- बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- बालबालिका परिवार सहयोग
- बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- बाल न्याय

- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहारेन्द्र कर बाल विकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन
- बाल हिंसा नियन्त्रण
- बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन
- युवा जागरण, सशक्तिकरण र परिचालन
- युवासीप, उद्यमशिलता तथा नेतृत्व विकास
  जेष्ठ नागरिक
- जेष्ठ नागरिको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य

  जेष्ठ नागरिक अपांगता भएका व्यक्तिर एकल महिला

- ❖ सङ्घ तथा प्रदेशसँगको समान्वयअपाङ्गता पुतथाअसक्तस्याहारक र व्यवस्थापन
- ❖ अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- ❖ अपाँगता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- ❖ अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य ।
- ❖ एकल महिला सम्वन्धी कार्य

(च)गैरसरकारीसंस्थापरिचालन, समन्वय तथा नियमन

- ❖ स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था(गैरसरकारी, सामाजिक तथा सामुदायिकसंघसंस्था को दर्ता, नवीकरण तथा नियमन -
- ❖ गुठी, कोष तथा अन्य ट्र ष्टहरुको व्यवस्थापन
- ❖ निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- ❖ समन्वय र परिचालन
- ❖ सामाजिक संघसंस्थाम्बन्धीस अन्य विषय ।

(छ) सामाजिक सुरक्षा कार्यक्रम तथाव्यक्तिगत घटना दर्ता

- ❖ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन  र अध्ययन अनुसन्धान

- ❖ सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिकुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- ❖ सामाजिक सुरक्षाकोकार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- ❖ स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन ।

(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन

- ❖ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन र नियमन
- ❖ पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयकोसंरक्षण, सम्भार, प्रबर्द्धन र विकास
- ❖ परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- ❖ स्थानीय महत्वका धार्मिकतथा सांस्कृतिक सम्पदाको व्यबस्थापन
- ❖ पर्यटकीय महत्वका स्थल तथासम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन
- ❖ पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
- ❖ पुरातात्विक, धार्मिक महत्वकासम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन
- ❖ भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धनर विकास ।

**६. योजना, अनुगमन तथा तथ्यांक शाखा**

(क) योजना तर्जुमा, कार्ययोजनायारी, तउपभोक्ता समिति परिचालन

- ❖ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन
- ❖ स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन
- ❖ आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्यविकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन
- ❖ बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- ❖ विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- ❖ विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन
- ❖ उपभोक्ता समितिको विवरण, क्षमता विकास
- ❖ विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण
- ❖ संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- ❖ विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

(ख) अनुगमन तथा मूल्यांकन

- ❖ विकास आयोजनाकोअनुगमन, आवधिक प्रगतिथा प्रतिफलको समीक्षा
- ❖ विकास योजनाकोअनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
- ❖ आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
- ❖ बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

**(ग) तथ्यांक व्यवस्थापन**

- ❖ तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोगसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- ❖ सूचना तथा अभिल
- ❖ आधुनिक प्रबिधिमार्फत व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन
- ❖ स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण
- ❖ आधारभूत तथ्यांक संकलन र व्यबस्थापनः जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख
- ❖ बेरोजगारको तथ्यांक संकलन
- ❖ स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान
- ❖ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन य सम्पन्न भएका तथा चालू योजनाको विवरण
- ❖ बिषक्षेत्रगत सूचना, तथ्यांकको संकलन,अभिलेख
- ❖ प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय
- ❖ सम्भाव्य प्राकृतिक श्रोत तथा  साधनको अभिलेख(प्रोफाईल) व्यवस्थापन
- ❖ गाउँपालिकाका आवधिक तथावार्षिक कार्यक्रम र बजेट स्वीकृति ।

## वडा समितिबाट सम्पादन हुने कार्य

(क) **वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः**

- आफ्नोवडाभित्रकोबस्तुगतविवरण(नदीनाला,जैविकविविधता,खनिजपदार्थ,जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिकहत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी,तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्व चित्र तयार तथा अद्यावधिक गर्ने ।

(ख) **वडाका विकास निर्माणका योजना तर्जुमा,कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्नेः**

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- टोल विकास संस्थाको गठन र परिचालन तथा ाभित्रवड सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,
- वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

(ग) **वडाका विकास निर्माणका कार्यहरु गर्नेः**

- बालउद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम तथ
- पुस्तकालय, वाचनालय, व्यवस्थापन गर्ने,
- बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन“ए” को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,
- कृषि मलको माग सङ्कलन गर्ने,
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने,
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,
- स्थानीय समुदायका चाड्पर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको वाढी, पहिरो पन्छाउने,
- घरेलु उद्योगको लगत सङ्कलन तथा  सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगकोधन्प्रवर्दगर्ने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने, .
- वडाभित्र आर्थिकतथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिँसा,छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता,सफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरीगाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउ सहयोग पुयाई औषधोपचार गराउने,
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण धन्रप्रवर्दगने,

- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,
- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।

(घ)**कानून बमोजिमका नियमन कार्य गर्ने:**

- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घरनिर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, लफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्द्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने ।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्ने ।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।
- समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।

(ङ) **अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने**

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- गाउँपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,संघीय कानून र मापदण्ड बमोजिमगाउँपालिकामा व्यक्तिगत घटना ( जन्म,मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागिफारिससि लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यबस्थापन ।
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,

- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागजगराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घरपाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घरकायम गर्ने सिफारिसर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकैनेहो भन सिफारीश गर्ने,
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथामनुसर्जीसिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिसगर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,
- विद्यालयको कक्षा थप गर्न  सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोरा वबिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित
- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

## अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार

**१. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँसभा तथा गाउँकार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने ।

(ख) गाउँसभा तथा गाउँकार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने ।

(ग) गाउँपालिकाको बार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गर्ने ।

(घ) गाउँकार्यपालिकाको निर्णयमागाउँसभाको अधिवेशनको आव्हान र समापनको घोषणा गर्ने ।

(ङ) गाउँपालिकाका उपाध्यक्ष वा सदस्यलाई गाउँपालिकाको कार्य विभाजन नियमावली अनुरुपको विषयगत कार्य जिम्मेवारी बाँडफाँड तथा हेरफेर गर्ने ।

(च) गाउँसभा र गाउँकार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(छ) गाउँकार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने ।

(ज) उपाध्यक्ष तथा सदस्यलाईगाउँपालिकाको कामका लागि स्वदेशभित्र काजमा खटाउने ।

(झ) कार्यकारी अधिकृतको सात सम्मकोदिनविदा वा स्वदेशभित्रको काजस्वीकृत गर्ने ।

(ञ) गाउँपालिकाको चल अचल सम्पत्ति हेरविचार तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने ।

(ट) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।

(ठ) गाउँसभा वा गाउँकार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

(२) अध्यक्षलेअनुपस्थितिमाउपाध्यक्षलाईकार्यवाहकअध्यक्षतोक्नुपर्नेछ। आफ्ना

**२. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः (क) न्यायिक समितिको संयोजक भई कार्य गर्ने ।

(ख) गाउँपालिका अध्यक्षको अनुपस्थितिमा कार्यबाहकअध्यक्ष भई कार्य गर्ने ।

(ग) गाउँसभा, गाउँकार्यपालिका तथाअध्यक्षलेतोकेकाअन्य कार्यगर्ने ।

(२) उपाध्यक्षलेगाउँपालिकाक्षेत्रबाहिरजानुपर्दाअध्यक्षलाईजानकारीदिनुपर्नेछ आफ्ना।

**३. वडा अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) वडा अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो वडा समितिकोअध्यक्ष भई कार्य गर्ने ।

(ख) वडा समितिका सदस्यहरुलाई वडा समितिको कामको बाँडफाँड गरी सहजीकरण तथा परिचालन गर्ने ।

(ग) कार्यपालिकाको सदस्यभईकार्य गर्ने ।

(घ) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने ।

(ङ) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने, तिनको अनुगमन गर्ने तथा आवधिक समीक्षा गर्ने गराउने ।

(च) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।

(छ) तोकिए बमोजिम वागाउँपालिका अध्यक्षले तोकेका अन्यकार्यगर्ने ।

(२) वडाध्यक्षले आफ्नो अन सोको जानकारी गाउँ कार्यपालिकालाई दिनुपर्नेछ ।

**४.सदस्यको काम, कर्तव्य र अधिकारः**(१)कार्यपालिकाकोसदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ- :

(क) कार्यपालिकाकोबैठकमा भाग लिने।

(ख) अध्यक्षले तोकेको बिषयगत क्षेत्रको संयोजकअध्यक्षभईवा तोकिएकोकार्यगर्ने ।

(ग) अध्यक्षलेतोकेका अन्यकार्यगर्ने ।

(२) सदस्यले गाउँपालिका क्षेत्र बाहिर जाँदा अध्यक्षलाई जानकारी दिई जानु पर्नेछ ।

**५. वडा सदस्यको काम, कर्तव्य र अधिकारः** (१) वडा सदस्यको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा समितिको बैठकमा भाग लिने ।

(ख) वडा अध्यक्षको अनुपस्थितिमा वडाअध्यक्षले तोके बमोजिम कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्ने ।

(ग) वडा अध्यक्षले तोकेका अन्यकार्यगर्ने ।

(२) वडा सदस्यले गाउँपालिका क्षेत्र बाहिर जाँदा अध्यक्षमार्फतवडा कार्यपालिकालाईजानकारी दिनु पर्नेछ

## बिषयगत समितिहरुको विवरण

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

(ख) आर्थिक विकाससमिति

(ग) सामाजिक विकास समिति

घ) पूर्वाधार विकास समिति

(ङ) वातावरण तथा विपद्व्यवस्थापन समिति
(च) बिधेयक समिति

## ३.सन्दकपुर गाउँपालिका अन्तर्गत कर्मचारी संख्या र कार्य विवरण

### ३.१ कर्मचारीको विवरण

कार्यालय प्रमुख नाम : यादव राउत

स्थानीय तह (सन्दकपुर गाउँपालिका,देउराली इलाम)

| क्र सं | पद | श्रणी/तह | स्वीकृत दरवन्दी | पद पूर्तिको अवस्था | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | | |
| १ | अधिकृत सातौं | सातौं | ३ | ३ | ० | ० | |
| २ | अधिकृत छैठौं | छैठौं | ३ | १ | | २ | |
| ३ | प्रशासन सहायक (पाचौं) | पाचौं | ६ | ३ | | ३ | |
| ४ | म.वि.नि/स.म.बि.नि | पाचौं | २ | २ | | ० | |
| ५ | प्रशासन सहायक (चौथो) | चौथो | ५ | ० | | ५ | |
| ६ | स.ई. | पाचौं | ५ | ५ | | ० | |
| ७ | कम्प्युटर अपरेटर | पाचौं | १ | १ | | ० | |
| ८ | खरिदार | चौथो | - | ० | | - | |
| ९ | अ.स.ई. | चौथो | ४ | ० | | ० | |
| १० | आ.ले.प. | पाचौं | १ | १ | | ० | |
| ११ | लेखा सहायक | पाचौं | १ | १ | | ० | |
| १२ | का.स. | - | ४ | ४ | | ० | |
| १३ | शिक्षा अधिकृत सातौ | सातौं | १ | १ | | ० | |
| १४ | खा.पा.स.टे. | चौथो | १ | १ | | ० | |
| १५ | इन्जिनियर छैठौं | छैठौं | १ | ० | | ० | |
| १६ | प्रविधिक सहायक | पाचौ | १ | १ | | ० | |
| स्वास्थ्य शाखा अन्तर्गतका | | | | | | | |
| १७ | अधिकृत | छैठौं | ६ | ३ | | ३ | |
| १८ | हे.अ/सि.अ.हे.व. | पाँचौ | ५ | २ | | ३ | |
| १९ | अ.न.मी. | पाँचौ | ५ | ३ | | २ | |
| २० | अ.न.मी. | चौथो | ५ | ४ | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | अ.हे.ब. | चौथो | ५ | ५ | | ० | |
| | आयुर्वेद औषद्यालय अन्तर्गतका | | | | | | |
| २२ | कविराज निरिक्षक | छैठौं | १ | १ | | ० | |
| २३ | बरिष्ट बैद्य | पाचौं | १ | १ | | ० | |
| २४ | औषधी कुटुवा | - | १ | १ | | ० | |
| २५ | का.स | - | १ | १ | | ० | |
| | कृषि शाखा अन्तर्गतका | | | | | | |
| २६ | अधिकृत स्तर | सातौं/आठौं | १ | ० | | १ | |
| २७ | प्राविधिक सहायक | पाचौं | २ | ० | | २ | |
| २८ | नायव प्राविधिक सहायक | चौथो | १ | १ | १ | ० | १ करार |
| | पशु शाखा सेवा अन्तर्गतका | | | | | | |
| २९ | अधिकृत स्तर | सातौं/आठौं | १ | ० | | १ | |
| ३० | पशु स्वास्थ्य प्रविधिक | पाचौं | १ | ० | | १ | |
| ३१ | पशु सेवा प्रविधिक | पाचौं | १ | ० | | १ | |
| ३२ | नायव पशु स्वास्थ्य प्रविधिक | चौथो | १ | १ | १ | ० | एक वडा एक प्रविधिक कार्यक्रम अनुसार करार नियुक्ति |
| ३३ | नायव पशु सेवा प्रविधिक | चौथो | १ | ० | २ | १ | |

| क्र.सं. | पद | सेवा करारमा रेहेको कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|
| १ | सुचना प्रविधि अधिकृत | ० | |
| २ | रोजगार संयोजक अधिकृत | १ | |
| ३ | कार्यालय सहयोगी | ६ | |
| ४ | ह.स.च. | २ | |
| ५ | सा.अ.के परिचालिका | १ | का.सको समेत कामकाज गर्दै आएको |

| | | | |
|---|---|---|---|
| ६ | सामाजिक परिचालक | ६ | का.सको समेत कामकाज गर्दै आएको |
| ७ | ना.प्रा.स. | १ | |
| ८ | ना.प.से.प्रा | २ | |
| ९ | ना.प.स्वा.प्रा | १ | |
| १० | एम.आइ.एस अपरेटर | ३ | |
| ११ | लघु उद्यम विकास सहज कर्ता | १ | |
| | स्वास्थ्यको करार कर्मचारीहरु | | |
| १२ | का.स. | ३ | |
| १३ | अ.न.मि. | १ | |
| | जम्मा | २८ | |

## ३.२ मूख्य/मूख्य कार्य विवरण ।

१. प्रशासनिक,योजना तथा कार्यक्रम सञ्चालनर्थीक प्रशासन सम्बन्धि कार्य ।/

२. कृषि ,पशु ,स्वास्थ्य ,शिक्षा तथा अन्य कार्यक्रमहरु ।

३. महिला बालबालिका तथा जेष्ठ नागरिक, विपद् व्यवस्थापन, पञ्जिकरण, सामाजिक सुरक्षा, रोजगार न्याय सम्पादन, लगायतका कार्यहरु ।

## ३.३ चालू आ. व. २०८०/०८१ को बजेट तथा कार्यक्रम र कार्यक्रम सम्पन्न गर्ने बार्षिक कार्ययोजना ।

### बार्षिक कार्ययोजना

| सि.न. | आय स्रोत | आय रकम | सि.नं. | व्यय शिर्षक | व्यय रकम |
|---|---|---|---|---|---|
| १ | अल्या | ५७४००७८.१३ | १ | आर्थिक विकास | ८३५५८८६२.८२ |
| २ | आन्तरीक आम्दानी | १५७०९९२१.८७ | २ | सामाजिक विकास क्षेत्र | १८०९६७४९३.२५ |
| ३ | संघीय सरकार समानीकरण अनुदान | ८१२००००० | ३ | पुर्वाधार विकास | ५७६४८०९७.९५ |
| ४ | प्रदेश सरकार समानीकरण अनुदान | ४८०१००० | ४ | (सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र )-बन | १५१६२२६८.४८ |
| ५ | संघीय सरकार राजश्व | ७५९५९३२२.५० | ५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाँडफाड | | | वातावरण तथा जलबायु,विपद् व्यवस्थापन, संस्थागत विकास वित्तीय सुशासन तथा व्यवस्थापन | |
| ६ | प्रदेश सरकार राजश्व सवारी साधनकर बाँडफाड | ४५९४००० | ६ | | |
| | | | ७ | प्रशासनिक खर्च | ६८१६६६०० |
| ७ | प्रदेश सरकार समपूरक अनुदान चालू | १०००००००.०० | ८ | सवै सर्शत, समपूरक र विषेश कार्यक्रमका शिर्षकहरुमा खर्च हुने | |
| ८ | संघीय सरकार सर्शत अनुदान चालू | ४६७०००००.०० | | | |
| ९ | प्रदेश सरकार सर्शत अनुदान | १३०९९०००.०० | | | |
| १० | संघीय सरकार समपूरक अनुदान चालू | ५००००००.०० | | | |
| ११ | संघीय सरकार विषेश अनुदान चालू | ५००००००.०० | | | |
| कुल जम्मा आय | | ४०५५०३३२२.५० | | कुल जम्मा व्यय | ४०५५०३३२२.५० |
| चालीस करोड पचपन्न लाख तीन हजार तीन सय बाइस रुपैया पचास पैसा मात्र । | | | | | |

## ३.४ संघ/प्रदेश अन्तर्गतको तालुक निकायको नाम, ठेगाना, सम्पर्क नं. इमेल :

| सि.नं. | नाम | ठेगाना | सम्पर्क नं | इमेल |
|---|---|---|---|---|
| १ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सिंहदरबार, काठमाडौं | ०१-४२००२९८ | info@mofaga.gov.np |
| २ | अर्थ मन्त्रालय | सिंहदरबार, काठमाडौं | - | moev@mof.gov.np |
| ३ | प्रदेश सरकार,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश | विराटनगर | ०२१-४७०१६६ र ४७०१८९ | ocmcm1@gmail.com |
| ४ | जि.स.स. को कार्यालय इलाम | इलाम | - | - |
| ५ | जि.प्रशा. कार्यालय इलाम | इलाम | ०२७५२०५५५ र २०२७५०१२५ | cdoilam@gmai.com |

## ४.प्रदान गरिने सेवा सम्बन्धी

# सन्दकपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## माबुमोड देउराली, इलाम, प्रदेश नं. १, नेपाल

# नागरिक बडापत्र

**गुनासो सुन्ने अधिकारी** : **प्रमुख प्रशासकीय अधिकृत ईमेल** : sandakpurrm@gmail.com

| क्र. सं. | प्रदान गरिने सेवा सुविधाको | आवश्यक पर्ने कागजातहरु | सेवा सुविधा प्राप्त गर्न आवश्यक पर्ने प्रकिया | सेवा प्रदान गर्ने अधिकारी | लाग्ने दस्तुर | लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्वीकृत योजनाको लागत अनुमान तयार गर्ने | . योजनाको विवरण वार्षिक कार्यक्रममा परेको प्रमाण र योजना कार्यन्वयन तालिका | . इन्जीनियर/सव इन्जीनियरले स्थलगत भ्रमण नापजाच गरी उनुमान उपलब्ध गराउने | योजना शाखा प्रमुख/इन्जीनियर/सव इन्जीनियर | नलाग्ने | योजनाको दुरी अनुसार ३ दिनदेखि १० दिनसम्म | |
| २ | बैक खाता खोल्ने/बन्द गर्ने सिफारिस | . उपभोक्ता समितिको अख्तियारी सहितको निर्णयको प्रतिलिपी<br>. सम्बन्धित पदाधिकारीहरुको नागरिकता तथा फोटो सहितको नमूना दस्ताखत कार्ड<br>. निवेदन<br>. योजना सम्झौता | . निवेदन सिफारिस तोक लगाउने<br>. दर्ता गर्ने<br>. रितपूर्वक देखिएमा सम्बन्धित कर्मचारीले सम्झौता गर्ने | प्रमुख प्रशासकीय अधिकृत/योजना शाखा प्रमुख/आर्थिक प्रशासन शाखा प्रमुख | नलाग्ने | सोही दिन | |
| ३ | योजना सम्झौता गर्ने | . गाउँसभाबाट उक्त आयोजना वार्षिक योजनामा परेको प्रमाण<br>. उपभोक्ता भेलाको निर्णयको प्रतिलिपी<br>. नियमानुसार उपभोक्ता समिति गठन भएको विवरण तथा उपभोक्ता समितिका पदाधिकारीको नागरिकता सहितको वडा कार्यालयको सिफारिस<br>. स्वीकृत योजनाको लागत अनुमान<br>. सम्झौताको लागि निवेदन पत्र | . निवेदन सिफारिस तोक लगाउने<br>. दर्ता गर्ने<br>. रितपूर्वक देखिएमा सम्बन्धित कर्मचारीले सम्झौता गर्ने | प्रमुख प्रशासकीय अधिकृत/ योजना शाखा प्रमुख | निशुल्क | सोही दिन सर्जीमीनको हकमा बढीमा ३ दिन | |
| ४ | योजनाको अन्तिम मुल्याङ्कन | . कार्य सम्पन्न प्रतिवेदन<br>. सार्वजनिक परिक्षण<br>. वडा कार्यालयको सम्पन्ताको सिफारिस<br>. उपभोक्ता समितिको भेलाको निर्णय<br>. अनुगमन समितिले स्थलगत अनुगमन र काम सन्तोषजनक रहेको भन्ने व्याहोरा भएको निर्णयको प्रतिलिपी | . इन्जीनियर र सव इन्जीनियरको स्थलगत सर्वे नापजाच<br>. अनुगमन समितिको स्थलगत अनुगमन | इन्जीजियर र सव इन्जीनियर | नलाग्ने | योजनाको दुरी अनुसार ३ दिन देखि १० दिन सम्म | |
| ५ | योजना जाँच पास फरफारकर अन्तिम भुक्तानी | . कार्य सम्पन्न प्रतिवेदन<br>. नापी किताब<br>. खर्चको बिल भरपाई<br>. उपभोक्ता समितिले आम भेलामा खर्च<br>. सार्वजनिक गरेको प्रमाण<br>. फछ्यौंटको निर्णयको प्रतिलिपी<br>. योजना कार्यालयको सिफारिस<br>. सार्वजनिक परिक्षण प्रतिवेदन<br>. अनुगमन समितिले स्थलगत अनुगमन र काम सन्तोषजनक रहेको भन्ने व्याहोरा भएको निर्णयको प्रतिलिपी | . निवेदन सिफारिस तोक लगाउने<br>. दर्ता गर्ने<br>. आवश्यक जाचबुझ र प्रक्रिया पुगेको भएमा जाँच पास गरी पेश्की फछ्यौंट तथा अन्तिम भुक्तानी तथा फरफारक गरी दिने | प्रमुख प्रशासकीय अधिकृत/ इन्जीजियर र सव इन्जीनियर/लेखापाल | नलाग्ने | सोही दिन सर्जीमीनको हकमा बढीमा ३ दिन | |
| ६ | विद्यायलय खोल्ने तथा कक्षा थप अनुमती | . शिक्षा नियमावली अनुसुची १ बमोजीमको निवेदन<br>. शैक्षिक गुठीको विधान वा प्रवन्ध-पत्र वा नियमावलीको प्रतिलिपी<br>. जग्गा धनी प्रमाण पूर्जा वा भाडामा लिने भए बहाल सम्झौता पत्र<br>. प्रस्तावीत विद्ययालयको नक्सा<br>. सम्बन्धित वडाको सिफारिस<br>. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि<br>. शिक्षा ऐन तथा नियमावली एवम् प्रचलीत कानुन बमोजीम आवश्यक कागजातहरु | . निवेदन/ तोक आदेश<br>. दर्ता गर्ने आवश्यक जाचबुझ र अध्ययन पछी प्रभावकारी देखिएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार सिफारिस गर्ने | गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/शिक्षा शाखा प्रमुख/ गाउँ कार्यपालिका | गा.पा.को आर्थिक ऐन मा तोके बमोजीम | सोहि दिन बैठक बाट/ निर्णय गर्नु पर्ने अवस्थामा ३ दिन देखि १५ दिन सम्म | |
| ७ | गैर सरकारी संस्था अभिलेख दर्ता | . निवेदन<br>. संस्थाको विधान एक प्रति<br>. सम्बन्धित वडाको सिफारिस<br>. संस्थाको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी<br>. समावेशी तवरले गठन भएको कार्य समिति गठन निर्णयको प्रतिलिपी | . निवेदन तोक आदेश<br>. दर्ता गर्ने<br>. आवश्यक जाचबुझ र अध्ययन पछी प्रक्रिया पुगेको देखिएमा अभिलेख राखी दर्ता गर्ने | प्रमुख प्रशासकीय अधिकृत/ प्रशासन शाखा प्रमुख | गा. पा.को आर्थिक ऐन अनुसार | सोहि दिन सर्जीमिनको हकमा बढीमा ३ दिन | |
| ८ | गैर सरकारी संस्था नविकरण सिफारिस | . निवेदन<br>. संस्थाको प्रगति विवरण<br>. लेखा परिक्षण प्रतिवेदन<br>. कर चुक्ताको प्रमाण पत्र | . निवेदन तोक आदेश<br>. दर्ता गर्ने<br>. आवश्यक जाचबुझ र अध्ययन पछि प्रक्रिया पुगेको देखिएमा अभिलेख राखी दर्ता गर्ने | प्रमुख प्रशासकीय अधिकृत/ प्रशासन शाखा प्रमुख | गा. पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा ३ दिन | |
| ९ | गाउँ कार्यपालिकाबाट दिनु पर्ने व्यक्तिगत सिफारिस | . निवेदन<br>. सम्बन्धित वडाको सिफारिस<br>. नागरिकता र आवश्यकता अनुसार अन्य कागजात | . निवेदन तोक आदेश<br>. दर्ता गर्ने आवश्यकता अनुसार सम्बन्धित कर्मचारीले सिफरीस उपलब्ध गराउने | गाउँपालिका अध्यक्ष /प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख | गा. पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमिनको हकमा बढीमा ३ दिन | |
| १० | प्राकृतिक प्रकोप राहत सहायता | . निवेदन<br>. प्रहरी मुचुल्का<br>. वडाको सिफारिस | . निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. निर्णय भई तोके अनुसारको सहायता उपलब्ध गराउने | प्रमुख प्रशासकीय अधिकृत/आर्थिक प्रशासन शाखा प्रमुख/गाउँ कार्यपालिका | निशुल्क | सोही दिन/बैठकबाट निर्णय गर्नु पर्ने अवस्थामा ३ दिन देखि १५ दिन | |
| ११ | घटना दर्ता विवरण सच्याउने/जन्म दर्ता संशोधन | **(क) जन्म मिति सच्याउने**<br>. राष्ट्रिय बोर्डको लब्धाङ्कपत्र र विद्ययालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी वा<br>. अस्पतालमा जन्मेको भए अस्पतालले दिएको जन्म प्रमाणप्रत्र वा<br>. नाबालक परिचयपत्र वा<br>. नागरिकताको प्रमाणप्रत्र वा<br>. कुनैपनि प्रमाण खुल्ने कागजात प्राप्त नभएको अवस्थामा स्थानीय तहका प्रतिनिधिको रोहवरमा कम्तिमा ७ जना नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिको सर्जीमीन मुचुल्का (मुचुल्काको साथमा सबैजनाको ना.प्र. प्रतिलिपी हुनुपर्नेछ।)<br>**(ख) नाम सच्याउने**<br>. बच्चाको नाम संशोधन गर्नुपरेमा बाबु र आमाको निवेदन तथा बाबुआमा र बच्चाको सम्बन्ध खुलेको कागजात वा प्रमाणपत्र<br>. नाम संशोधन गर्नुपर्ने व्यक्ति वा लिङ्ग भएमा एस.ई.ई. लब्धाङ्क पत्र, विद्यालयको चारित्रिक प्रमाणपत्र वा बाबुआमासँग नाता खुल्ने आधिकारिक प्रमाणप्रत्र कागज<br>. बाबु आमा वा बाजेको नाम संशोधन गर्नुपरेमा सो सम्बन्धी आवश्यक व्यहोरा खुल्ने प्रमाणित कागजात वा एस.ई.ई. वा सो भन्दा माथिको शक्षिक योग्यताको कागजात<br>. स्थानीय तहका जनप्रतिनिधिको रोहवरमा कम्तिमा ७ जना नेपाली नागरिकले दुवै व्यक्ति एकै हो भनी ना.प्र. प्रतिलिपी सहित सहीछाप गरेको सर्जीमीन मुचुल्का | . सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारी समक्ष निवेदन सहित कागजात पेश गर्ने<br>. स्थानीय पञ्जीकाधिकारीले गाउँ कार्यपालिकाको कार्यालयमा संशोधनका लागि सिफारिस सहित अनुरोध गर्ने<br>. गा.पा.मा निवेदन/पत्र दर्ता गर्ने<br>. तोकिएको कर्मचारीले सर्जीमीन मुचुल्का तयार गरी सिफारिस गर्ने<br>. सिफारिस बमोजीम प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजीम स्थानीय पञ्जीकाधिकारीले बिबरण सच्याउने र सोको अभिलेख अध्यावधिक राख्ने | प्रमुख प्रशासकीय अधिकृत/ वडा सचिव/सम्बन्धित कर्मचारी | नियमानुसार | सोही दिन सर्जीमिनको हकमा बढीमा १० दिन। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | मृत्यु दर्ता प्रमाणपत्र संशोधन | **(क) नाम संशोधन**<br>. बाबु बाजे वा पति/पत्नीको नाममा संशोधन गर्नुपरेमा नाता खुल्ने आधिकारिक प्रमाणपत्र जस्तै नागरिकता प्रमाणपत्र, जग्गा धनी प्रमाणपुर्जा आदि ।<br>. नाम खुल्ने कागजात नभएको अवस्थामा स्थानीय तहका जनप्रतिनिधिको रोहवरमा ७ जना स्थानीय नेपाली नागरिक सहितको सर्जीमीन मुचुल्का (उनीहरुको ना.प्र. प्रतिलिपी सहित)<br>**(ख) मृत्यु मिति सच्याउनु परेमा**<br>. सच्याउनु पर्ने कारण र आधार सहितको निवेदन, अस्पतालममा मृत्यु भएको भए मृत्यु मिति उल्लेख भएको मृत्यु प्रमाणपत्र वा सरकारी निकायबाट मृत्यु मिति प्रमाणित गरिएको सिफारिस गरिएको कागजात<br>. सो नभएमा स्थानीय तहका जनप्रतिनिधि सहित ७ जना स्थानीय नागरिक सहितको सर्जीमिन मुचुल्का (निजहरुको ना.प्र. प्रतिलिपी सहीत ) | . सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारी समक्ष निवेदन सहित कागजात पेश गर्ने<br>. स्थानीय पञ्जीकाधिकारीले गाउँ कार्यपालिकाको कार्यालयमा संशोधनका लागि सिफारिस सहित अनुरोध गर्ने<br>. गा.पा.मा निवेदन/पत्र दर्ता गर्ने<br>. तोकिएको कर्मचारीले सर्जीमिन मुचुल्का तयार गरी सिफारिस गर्ने<br>. सिफारिस बमोजीम प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजीम स्थानीय पञ्जीकाधिकारीले विवरण सच्याउने र सोको अभिलेख अध्यावधिक राख्ने | प्रमुख प्रशासकीय अधिकृत/<br>वडा सचिव/सम्बन्धित कर्मचारी | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमिनको हकमा बढीमा १० दिन । | |
| १३ | विवाह दर्ता प्रमाणपत्र संशोधन | **(क) दुलाहा, दुलहीको नाम संशोधन गर्नुपरेमा**<br>. विवाहदर्ता प्रमाणपत्र भएको नाम र संशोधन गर्नुपर्ने नाम एकै व्यक्ति हो भन्ने खुलेको आधिकारिक प्रमाण कागजात वा कम्तिमा ७ जना नेपाली नागरिक र स्थानीय प्रतिनिधि सहितको सर्जीमीन मुचुल्का र निजहरुको ना.प्र. प्रतिलिपी तथा सम्बन्धित वडा कार्यालयलले उक्त संशोधन गर्न सिफारिस गरेको पत्र।<br>. दुलाहा दुलहीको बाबुआमा वा बाजेको नाम संशोधन गर्ने, नाता खुल्ने आधिकारिक प्रमाण कागजात वा स्थानीय प्रतिनिधिको रोहवरमा ७ जना नेपाली नागरिकले गरेको सर्जीमीन मुचुल्का र निजहरुको ना.प्र. प्रतिलिपी<br>**(ख) विवाह मिति सच्याउनु परेमा**<br>. विवाह मिति सच्याउनु पर्ने कारण सहितको निवेदन, मिति फरक परेमा सच्याउनुपर्ने आधार तथा विवाह मिति उल्लेखित भएको स्थानीय प्रतिनिधा सहितको ७ जना स्थानीय नेपाली नागरिकको सर्जीमीन मुचुल्का | . सम्बन्धित वडाको स्थानीय पञ्जीकराधिकारी समक्ष निवेदन सहित कागजात पेश गर्ने<br>. स्थानीय पञ्जीकराधिकारीले गाउँ कार्यपालिकाको कार्यालयमा संशोधनका लागि सिफारिस सहित अनुरोध गर्ने<br>. गा.पा.मा निवेदन/पत्र दर्ता गर्ने<br>. तोकिएको कर्मचारीले सर्जीमिन मुचुल्का तयार गरी सिफारिस गर्ने<br>. सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम स्थानीय पञ्जीकराधिकारीले विवरण सच्याउने र सोको अभिलेख अध्यावधिक राख्ने | प्रमुख प्रशासकीय अधिकृत/<br>वडा सचिव/सम्बन्धित कर्मचारी | नियमानुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा १० दिन । | |
| १४ | सम्बन्ध विच्छेद संशोधन | . अदालतबाट भएको फैसलाको प्रमाणित प्रतिलिपी<br>. नाता जन्म खुलेको ना.प्र., नाता प्रमाणित वा अन्य कागजात<br>. स्थायी ठेगानाको सम्बन्धमा ना.प्र. उल्लेख भएको ठेगाना बसाईसराई गरी आएको प्रमाणपत्र<br>. स्थानीय निकायका प्रतिनिधी सहित ७ जना नेपाली नागरिकको सर्जीमीन मुचुल्का र उनीहरुको ना.प्र. प्रतिलिपी | . सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारी समक्ष निवेदन सहित कागजात पेश गर्ने<br>. स्थानीय पञ्जीकाधिकारीले गाउँ कार्यपालिकाको कार्यालयमा संशोधनका लागि सिफारिस सहित अनुरोध गर्ने<br>. गा.पा.मा निवेदन/पत्र दर्ता गर्ने<br>. तोकिएको कर्मचारीले सर्जीमिन मुचुल्का तयार गरी सिफारिस गर्ने<br>. सिफारिस बमोजीम प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम स्थानीय पञ्जीकाधिकारीले विवरण सच्याउने र सोको अभिलेख अध्यावधिक राख्ने | प्रमुख प्रशासकीय अधिकृत/<br>वडा सचिव/सम्बन्धित कर्मचारी | नियमानुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा १० दिन । | |
| १५ | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी गर्ने। | . निर्माण व्यवसायी इजाजत पत्र कार्यविधी २०७५ को अनुसूची १ बमोजिमको निवेदन<br>. उद्योग विभागमा उद्योग/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>. स्थानीय लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र<br>. न्युनतम १ लाख बैंक ब्यालेन्स भएको प्रमाण तथा जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी<br>. प्रोपाइटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>. प्राविधिक लेखा र प्रशासनमा काम गर्ने कर्मचारीको विवरण<br>. सम्बन्धित फर्मसँग भएका मेशिनरी उपकरणको स्वामित्व र सोको बिमा समेत भएको विवरण पुष्टी हुने कागजात<br>. छानबिन उपसमितिको सिफारिस<br>. उल्लेखति उपकरण ठीक दुरुस्त रहेको कुरा उल्लेखित नेपाल इञ्जिनियर्स एशोसिएसनको सदस्यता प्राप्त मेकानिकल इञ्जिनियरको सिफारिस र<br>. दस्तुर बुझाएको रसिद | . निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. कागजात अध्ययन गरी आवश्यकता अनुसार अनुसन्धान सर्जीमनि गरी सम्बन्धित अधिकारीले अभिलेख राख्न लगाई इजाजतपत्र उपलब्ध गराउने। | प्रमुख प्रशासकीय अधिकृत/<br>प्रशासन शाखा | गा.पा.को आर्थिक ऐन अनुसार | छानबिन उपसमितिको सिफारिस प्राप्त भएपछि | |
| १६ | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरण | . निवेदन<br>. नविकरण दस्तुर बुझाएको रसिद<br>. म्याद सकिएको भए कम्पनी/फर्म नवीकरण भएको प्रमाण<br>. कर चुक्ता गरेको रसिद | . निवेदन तोक लगाउने<br>. दर्ता गर्ने<br>. सम्बन्धित कर्मचारीले अभिलेख राखी नविकरण गरिदिने | प्रमुख प्रशासकीय अधिकृत/<br>प्रशासन शाखा | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन | |
| १७ | प्रमाणित गरिएको कागजातमा छाप लगाउन तथा कन्सुलर प्रमाणिकरण | . कन्सुलर प्रमाणितत गर्नुपर्ने सम्बन्धित कागजात सहितको निवेदन र सो कागजातको एक प्रति प्रतिलिपी | . निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. सम्बन्धित कर्मचारीले हस्ताक्षर गर्ने तथा छाप लगाउने। | प्रमुख प्रशासकीय अधिकृत/<br>दर्ता चलानी शाखा | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमिनको हकमा बढीमा ३ दिन | |
| १८ | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरुको विवरण अध्यावधिक गर्ने | . वडा कार्यालयबाट प्रमाण सहित प्राप्त विवरण (ना.प्र., मृत्यु दर्ता, बसाईसराई दर्ता प्रमाणपत्र आदि) | . पत्र वा निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. वडा कार्यालयबाट विवरण प्राप्त भएपछि सम्बन्धित कर्मचारीले विवरण अध्यावधिक गर्ने। | प्रमुख प्रशासकीय अधिकृत/आर्थिक प्रशासन शाखा/सामाजिक विकास शाखा | नलाग्ने/ गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन वा विशेष परिस्थितिमा ३ दिन सम्म | |
| १९ | सहकारी संस्था दर्ता | . गाउँपालिकाको सहकारी ऐन २०७५ को अनुसूची १ को ढाँचामा दरखास्त दिनुपर्ने<br>. सहकारी संस्थाको प्रस्तावित विनियम<br>. सहकारी सञ्चालन सम्भाव्यता प्रतिवेदन<br>. सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण<br>. प्रस्तावित सहकारी संस्थाको प्रारम्भिक भेलाको प्रतिलिपी सम्बन्धी कार्यक्षेत्र भएको वडा कार्यालयको सिफारिस<br>. शेयर सदस्यहरुको नागरिकताको प्रतिलिपी | . निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. सम्भाव्यता अध्ययन गर्ने<br>. सम्भाव्यता प्रतिवेदनको आधारमा नियमानुसार दर्ता गरी सोको अभिलेख राख्ने | प्रमुख प्रशासकीय अधिकृत/सम्बन्धित फाँटका अधिकारीहरु | गा.पा.को आर्थिक ऐन अनुसार | ३५ दिन | |
| २० | विभिन्न समिति दर्ता तथा अभिलेखीकरण | . निवेदनपत्र<br>. समितिको विनियम<br>. माइनटको प्रतिलिपी<br>. सम्बन्धित वडा कार्यालयको सिफारिस<br>. कार्य समितिका सदस्यहरुको नागरिकताको फोटोकपी<br>. समितिको छाप | . अभिलेखिकरणको हकमा पुरानो दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>. निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. पेश भएको कागजातको छानबिन गर्ने<br>. नियमानुसार दस्तुर लिई दर्ता गर्ने अभिलेख राख्ने र प्रमाणपत्र प्रदान गर्ने। | प्रमुख प्रशासकीय अधिकृत/सम्बन्धित फाँटका अधिकारीहरु | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन छानबिन गर्नुपर्ने भए बढीमा १५ दिन। | |
| २१ | व्यवसाय दर्ता | . निवेदन<br>. जग्गा धनी प्रमाण पुर्जा, भाडामा भए घरबहाल सम्झौता सञ्चालकको ना.प्र. प्रतिलिपी<br>. निवेदक स्वयं उपस्थित हुनुपर्ने वा आधिकारिक वारिसानामको प्रतिलिपी<br>. दुई प्रति पासपोर्ट साइजको फोटो<br>. उद्योग भए सँधियारको सहमति मुचुल्का<br>. वडा कार्यालयको सिफारिस | . निवेदन तोक आदेश<br>. दर्ता गर्ने<br>. सम्बन्धित शाखाका कर्मचारीले अभिलेख राखी दर्ता प्रमाणपत्र उपलब्ध गराउने। | राजस्व शाखाका कर्मचारी/प्रमुख प्रशासकीय अधिकृत | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा तीन दिन | |
| २२ | व्यवसाय नविकरण | . निवेदन<br>. पुरानो व्यवसाय सञ्चालन इजाजत पत्र<br>. वडा कार्यालयको सिफारिस | . निवेदन तोक आदेश<br>. दर्ता गर्ने<br>. सम्बन्धित शाखाका कर्मचारीले तोकिएको राजस्व असुल गरी अभिलेखमा जनाई नविकरण गरिदिने। | राजस्व शाखाका कर्मचारी/प्रमुख प्रशासकीय अधिकृत | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा तीन दिन | |
| २३ | व्यवसाय बन्द | . कारण सहित निवेदन<br>. चालु आ.व. सम्म बक्यौता राजस्व भए फछ्र्याैट भएको प्रमाण<br>. सकल व्यवसाय दर्ता प्रमाणपत्र<br>. नागरिकताको प्रतिलिपी<br>. वडा कार्यालयको सिफारिस | . निवेदन तोक आदेश<br>. दर्ता गर्ने<br>. सम्बन्धित शाखाका कर्मचारीले तोकिएको राजस्व असुल गरी अभिलेखमा जनाई व्यवसाय बन्द भएको जानकारी सहितको पत्र दिने। | राजस्व शाखाका कर्मचारी/प्रमुख प्रशासकीय अधिकृत | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा तीन दिन | |
| २४ | संस्था दर्ता/नवीकरण | . निवेदनपत्र<br>. संस्थाको विनियम<br>. माइनटको प्रतिलिपी<br>. सम्बन्धित वडा कार्यालयको सिफारिस<br>. सदस्यहरुको नागरिकताको फोटोकपी<br>. संस्थाको छाप | . नविकरणको हकमा पुरानो दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>. निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने/नविकरण गर्ने<br>. पेश भएको कागजातको छानबिन गर्ने<br>. नियमानुसार दस्तुर लिई दर्ता/नविकरण गर्ने अभिलेख राख्ने र प्रमाणपत्र प्रदान गर्ने। | प्रमुख प्रशासकीय अधिकृत/सम्बन्धित फाँटका अधिकारीहरु | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन वा सर्जीमीन मुचुल्काको हकमा बढीमा ३ दिन। | |
| २५ | ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका/महिला तथा बालबालिका विकास सम्बन्धी कार्यक्रम सञ्चालन र व्यवस्थापन | . गा.पा.को निर्देशन र तोकिएका आधारहरु | . गा.पा.को निर्देशन र तोकिएका आधारहरु | महिला विकास शाखा | गा.पाको आर्थिक ऐन अनुसार | गा.पा.को लक्ष्य अनुसार | |
| २६ | ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका परिचय पत्र वितरण | . निवेदन<br>. नागरिकताको प्रतिलिपी सहित दुई प्रति पासपोर्ट साइजको फोटो | . निवेदन तोक आदेश गर्ने<br>. दर्ता गर्ने<br>. सम्बन्धित कर्मचारीले नागरिकता अनुसार प्रमाणपत्र जारी गर्ने | महिला विकास शाखा/प्रमुख प्रशासकीय अधिकृत | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन | |
| २७ | मिलापत्र कागज/उजुरी निरुपण | . प्रथम पक्षको निवेदन<br>. सम्बन्धित व्यक्तिहरुको ना.प्र प्रतिलिपी<br>. विषयसँग सम्बन्धित अन्य कागजातहरु | . निवेदन सहित तोकिएको कागजात पेश गर्ने<br>. उपाध्यक्ष/उजुरी प्रशासकले तोक आदेश गर्ने<br>. निवेदन दर्ता गर्ने<br>. तारिख तोक्ने र मिलापत्र वा इजालस मिति तय गर्ने<br>. दुवै पक्षले तोकिएको शुल्क बुझाउने<br>. निर्णय वा मिलापत्रको जानकारी उपलब्ध गर्ने | न्यायिक समिति/उजुरी प्रशासक | गा.पा.को आर्थिक ऐन अनुसार | विवाद वा मुद्दाको प्रकृति अनुसार | |
| २८ | मिलापत्र गराउने विवाद समाधान तथा अन्य न्यायिक कार्य सम्पादन | . उजुरी वा मर्का परेको ब्यहोरा सहितको निवेदन<br>. ना.प्र. १ प्रतिलिपी | . निवेदन तोक आदेश गर्ने, दर्ता गर्ने, उपाध्यक्षको संयोजकत्वमा रहेको न्यायिक समिति समक्ष उजुरी पेश गर्ने।<br>. उजुरी पेश भएपछि दुवै पक्ष (पीडित र पीडक) लाई उपस्थित गराई बहस छलफल गराउने र आपसी समझदारीमा मिलापत्रको कागज गराउने र अभिलेख राख्ने। | गा.पा. उपाध्यक्ष/न्यायिक समितिका पदाधिकारी/सम्बन्धित कर्मचारी | गा.पा.को आर्थिक ऐन अनुसार | सोही दिन सर्जीमीनको हकमा बढीमा ३ देखि १५ दिन। | |

'स्वच्छ, स्वस्थ्य, भौतिक पूर्वाधारले विकसित पर्यटकीय गाउँ। आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा सन्दकपुरलाई सम्मुन्नत बनाऔं ।'

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | जन्ममिति प्रमाणित | .निवेदन र नागरिकता प्रमाणप्रत्रको प्रतिलिपी<br>.नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रपत्रको प्रतिलिपी<br>.बसाइ सरी आएको भए सोको प्रमाणपत्र<br>.चालु आ.व. सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पतीकर तिरेको रसिद<br>.आवश्यकता अनुसार स्थानीय जनप्रतिनिधि सहितको सर्जिमिन मुचुल्का | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३२ | विवाह प्रमाणित | .दुलाहा दुलहीको नागरिकता प्रमाणप्रत्रको प्रतिलिपी<br>.बसाइ सरी आएको हकमा बसाई सराई दर्ता प्रमाणपत्र<br>.दुलाहा दुलही दुवै उपस्थित भई सनाखत गर्नुपर्ने<br>.चालु आ.व.सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पती कर तिरेको रसिद वा कर निर्धारण | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन पेश गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३३ | घर पाताल प्रमाणित गर्ने | .निवेदन नागरिकता प्रमाणप्रत्रको प्रतिलिपी<br>.घर नक्सा, नक्सा पास प्रमाणपत्र<br>.स्थलगत निरिक्षण प्रतिवेदन<br>.चालु आ.व.सम्मको घरजग्गा वा एकिकृत सम्पतीकर र चालु आ.व. सम्मको मालपोत कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात<br>.आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३४ | कागज र मञ्जुरीनामा प्रमाणित | .निवेदन र नागरिकता प्रमाणप्रत्रको प्रतिलिपी<br>.चालु आ.व. सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पतीकर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात<br>.प्रमाणित गर्नुपर्ने विषयसँग सम्बन्धित प्रमाण कागजातहरुको प्रतिलिपी<br>.मञ्जुरीनामा लिने र दिने व्यक्ति | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पाको आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३५ | हकवाला वा हकदार प्रमाणित | .नागरिकता प्रमाणपत्रको प्रतिलिपी र निवेदन<br>.नाता प्रमाणपत्रको प्रतिलिपी<br>.आवश्यकता अनुसार हकदार प्रमाणितका लागि स्थलगत सर्जीमिन<br>.हकदार प्रमाणित गर्ने थप प्रमाण कागजात<br>.चालु आ.व. सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पतीकर तिरेको रसिद | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने, चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३६ | अविवाहित प्रमाणित | .निवेदन र ना.प्र.पत्रको प्रतिलिपी<br>.निवेदक र संरक्षक वा अभिभावकले कार्यालयको रोहवरमा गरेको सनाखत पत्र<br>.आवश्यकता अनुसार स्थानीय सर्जीमीन  मुचुल्का<br>.चालु आ.व. सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पतीकर तिरेको रसिद<br>.विदेशमा रहेको हकमा विदेश स्थित नेपाली नियोगबाट आएको सिफारिस | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३७ | अंग्रेजी सिफारिस तथा प्रमाणित | .निवेदन र नागरिकता प्रमाणपत्रपत्रको प्रतिलिपी<br>.विषयसँग सम्बन्धित प्रमाण कागजातको प्रतिलिपी<br>.चालु आ.व. सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पतिकर तिरेको रसिद | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३८ | मिलापत्र कागज/उजूरी दर्ता | .मिलापत्र गर्ने दुवै पक्षको संयुक्त निवदेन<br>.सम्बन्धित व्यक्तिहरुको नागरिकता प्रमाणपत्रपत्रको प्रतिलिपी<br>.विषयसँग सम्बन्धित अन्य कागजातहरु | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जीमीन  मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ३९ | एकिकृत सम्पती कर/घरजग्गा कर | .निवेदन तथा पहिलो वर्ष जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपी त्यसपछि अघिल्लो आ.व.को कर तिरेको प्रमाण रसिद<br>.भवन नक्सा स्वीकृत प्रमाणपत्र र नक्साको प्रतिलिपी<br>.भवन/जग्गा खरीद गरेको भए मालपोतबाट रजिष्ट्रेशन पारित लिखितको प्रतिलिपी<br>.(स्थानीय तहको नाम) घोषणा हुन पूर्व निमार्ण भएको भवनको हकमा नापी नक्सा वा स्थलगत प्राविधिक प्रतिवेदन<br>.मालपोत तिरेको रसिद तथा आ.व. २०५७/०५८ पुर्व आन्तरिक राजश्व कार्यालयमा कर तिरेको भए सोको प्रमाणित प्रतिलिपी<br>.नागरिकता र नापी नक्साको प्रतिलिपी | .वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.तोकिएको कर्मचारीले कर निर्धारण तयार गरी वडाध्यक्ष र का.वा. वडाध्यक्ष/वडा सचिव समक्ष पेश गर्ने<br>.तोकिएको कर बुझाउने<br>.चलानी गरी निवेदकलाई कर निर्धारण पत्र उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ४० | मालपोत वा भूमिकर | .निवेदन पत्र<br>.प्रथम वर्षका लागि जग्गा धनी प्रमाणपुर्जा नविकरणका लागि अघिल्लो आ.व.मा मालपोत तिरेको रसिद वा यस कार्यालयबाट जारी गरिएको मालपोत नविकरण बुक<br>.घरजग्गा कर वा एकिकृत सम्पती कर तिरेको प्रमाण | .वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.तोकिएको कर्मचारीले कर निर्धारण तयार गरी वडाध्यक्ष र का.वा. वडाध्यक्ष/वडा सचिव समक्ष पेश गर्ने<br>.तोकिएको कर बुझाउने<br>.चलानी गरी निवेदकलाई कर निर्धारण पत्र उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ४१ | बहालकर | .निवेदन<br>.बहाल सम्झौता<br>.नेपाल सरकारमा बहालसँग सम्बन्धित निकायमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी<br>.नागरिकताको प्रमाणित प्रतिलिपी<br>.चालु आ.व. सम्म घरजग्गा र मालपोत तिरेको रसिदको वा निर्धारण आदेशको प्रमाणित प्रतिलिपी | .वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.तोकिएको कर्मचारीले कर निर्धारण तयार गरी वडाध्यक्ष र का.वा. वडाध्यक्ष/वडा सचिव समक्ष पेश गर्ने<br>.तोकिएको कर बुझाउने<br>.चलानी गरी निवेदकलाई कर निर्धारण पत्र उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ४२ | विज्ञापन कर | .निवेदन र संस्थाको प्रमाणित कागजात<br>.सम्बन्धित स्थानीय तहमा तिर्न बुझाउन पर्ने व्यवसाय र अन्य करको प्रमाणित प्रतिलिपी | .वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.तोकिएको कर्मचारीले कर निर्धारण तयार गरी वडाध्यक्ष र का.वा. वडाध्यक्ष/वडा सचिव समक्ष पेश गर्ने<br>.तोकिएको कर बुझाउने<br>.चलानी गरी निवेदकलाई कर निर्धारण पत्र उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार/ प्रदेश सरकारले तोके अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |
| ४३ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्कता अनुसारका सिफारिस र प्रमाणितहरु | .नागरिकता प्रमाणपत्रको प्रतिलिपी र निवेदन<br>.विषयसँग सम्बन्धित प्रमाण कागजात<br>.चालु आ.व.सम्मको मालपोत र घरजग्गा कर वा एकिकृत सम्पतीकर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात | .निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>.वडा अध्यक्ष/का.वा. वडाध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।<br>.निवेदन दर्ता गर्ने<br>.तोकिएको प्राविधिक कर्मचारीले आवश्यकता अनुसार स्थलगत निरिक्षण गरी प्रतिवेदन तयार गर्ने<br>.निवेदकले तोकिएको शुल्क बुझाउने<br>.चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने। | वडा अध्यक्ष/सदस्य/<br>वडा सचिव, सम्बन्धित फाटका कर्मचारी | गा.पा.को आर्थिक नियम अनुसार | सोही दिन सर्जीमीन को हकमा बढीमा ३ दिन | |

# सन्दकपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## माबुमोड देउराली, इलाम, प्रदेश नं. १, नेपाल

## नागरिक बडापत्र (स्वास्थ्यसेवा शाखा)

**गुनासो सुन्ने अधिकारी : प्रमुख प्रशासकीय अधिकृत ईमेल** : sandakpurrm@gmail.com

| क्र.सं. | प्रदान गरिने सेवा सुविधाको | आवश्यक पर्ने कागजातहरु | सेवा प्रदान गर्ने अधिकार | लाग्ने दस्तुर | लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विपन्न नागरिकको औषधि उपचार सहुलियतको लागि सिफारिस | . निवेदन र वडाको सिफारिस<br>. निवेदक र बिरामीको नागरिकताको प्रतिलिपी<br>. रोग पहिचान भएको चिकित्सकको पूर्जा | स्वास्थ्य सेवा शाखा/सम्बन्धित शाखाका कर्मचारी/स्वास्थ्य प्राविधिक | नि:शुल्क | १ घण्टा | |
| २ | खोप सम्बन्धी प्राविधिक सल्लाह र व्यवस्थापन | सिधै सम्पर्क गर्ने | स्वास्थ्य सेवा शाखा/सम्बन्धित शाखाका कर्मचारी/स्वास्थ्य प्राविधिक | नि:शुल्क | तुरुन्तै | |
| ३ | परिवार नियोजन सम्बन्धी सूचना प्रवाह, प्राविधिक सल्लाह र व्यवस्थापन | सिधै सम्पर्क गर्ने | स्वास्थ्य सेवा शाखा/सम्बन्धित शाखाका कर्मचारी/स्वास्थ्य प्राविधिक | नि:शुल्क | तुरुन्तै | |
| ४ | गर्भवती, सुत्केरी आमाहरुलाई उपलब्ध सेवा बारे जानकारी, प्राविधिक सल्लाह र व्यवस्थापन | सिधै सम्पर्क गर्ने | स्वास्थ्य सेवा शाखा/सम्बन्धित शाखाका कर्मचारी/स्वास्थ्य प्राविधिक | नि:शुल्क | तुरुन्तै | |
| ५ | राष्ट्रिय निशुल्क कार्यक्रम सम्बन्धी जानकारी र व्यवस्थापन | सिधै सम्पर्क गर्ने | स्वास्थ्य सेवा शाखा/सम्बन्धित शाखाका कर्मचारी/स्वास्थ्य प्राविधिक | नि:शुल्क | तुरुन्तै | |

## नागरिक बडापत्र (पशुसेवा शाखा)

